राष्ट्रिय 'क' वर्गको पत्रिका

16 Years MISSION

नेपाल सम्वत् ११४६
मंसिर शुक्ल अष्टमी

www.missiontodaynews.com

# मिसन टुडे

'सूचनामा तपाईंसँगको साझेदारी'

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

राष्ट्रिय दैनिक

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

*सावधानी अपनाऔं, सुरक्षित रहौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : १६ | अंक १४७ | पृष्ठ ८ | शुक्रबार १२ मंसिर २०८२ | (FRIDAY 28 NOVEMBER 2025) | मूल्य रु. १०

कोहलपुरका मोहन थारु मृत्यु प्रकरण

# पोष्टमार्टममा देखियो शरीरको भित्री भागमा चोट




**मिसन संवाददाता**
*कोहलपुर (बाँके), ११ मंसिर*

करिब एक महिनाअघि जंगलमा मृत भेटिएका कोहलपुर नगरपालिका वडा नम्बर २ का मोहन थारूको मृत्यु प्रकरणको कोहलपुर प्रहरी अझै अनुसन्धानमै छ । कात्तिक १४ गते कोहलपुर-२ स्थित एक सामुदायिक वनको जंगलमा मृत अवस्थामा भेटिएका थारूको पोष्टमार्टम रिपोर्ट आएपछि थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय कोहलपुरले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कोहलपुरका सूचना अधिकारी प्रहरी निरीक्षक रामनारायण गुप्ताले थारूको पोष्टमार्टम रिपोर्ट आइसकेको बताए । उनले पोष्टमार्टम रिपोर्टपछि घटनाबारे थप अनुसन्धान गर्नुपर्ने देखिएकोले प्रहरीले सूक्ष्मरूपमा घटनाको अनुसन्धान गरिरहेको बताए । 'घटनाको अनुसन्धानको क्रममै छौं । पोष्टमार्टम रिपोर्टमा ठ्याक्कै यही छ भन्न मिल्दैन । तर, घटनाको अनुसन्धान गर्नुपर्ने देखिएकोले हामीले अनुसन्धान गरिरहेका छौं । विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ,' प्रहरी निरीक्षक गुप्ताले मिसन टुडेसँग भने ।

पोष्टमार्टम रिपोर्टमा उल्लेख कुरा स्पष्ट नबताएपनि रिपोर्टअनुसार थप अनुसन्धान गर्नुपर्ने देखिएकोले घटनासँग सम्बन्धित पक्षलाई प्रहरीले प्रत्यक्ष/अप्रत्यक्षरूपमा निगरानीमै राखेको बताउँदै उनले थारूसँगै गएका तीन जना महिलाहरूसँग प्रारम्भिक सोधपुछ भएको बताए । उनीहरूलाई प्रहरीले बोलाएको समयमा कार्यालयमा हाजिर हुनेगरी छाडिएको प्रहरी निरीक्षक गुप्ताले बताए । मृतक थारूसँग घाँस काट्न सोही गाउँका देउमती खड्का, मिना भुसाल र जानुका कार्की गएका थिए ।

सुरुमा थारूको बाघको आक्रमणबाट मृत्यु भएको खबर बाहिरिएको थियो । तर, शव भेटिँदा बाहिरीरूपमा कुनैपनि चोटपटक लागेको थिएन । यद्यपि थारूको परिवारले घटना शंकास्पद भएको भन्दै सत्यतथ्य छानबिनका लागि इलाका प्रहरी कार्यालय कोहलपुरमा जाहेरी दिएका थिए । मृतक थारूका दाई सोहनलाल थारूले घटना घटेको केही दिनमै उजुरी दिएका थिए । तर, घटना भएको एक महिना बित्नै लाग्दासमेत दोषी पत्ता नलागेकोप्रति परिवारले असुन्तष्टि व्यक्त गरेको छ ।

लामो समय बितिसक्दासमेत घटनाका दोषी पत्ता नलागेको उनले बताए । 'घटना भएको एक महिना हुन लाग्यो । अझै केही कुरा पत्ता लागेको छैन । प्रहरीलाई बुझ्दा अनुसन्धान गरिरहेका छौं भन्नुहुन्छ,' उनले भने । मृतक थारूकी भान्जी सुनसरी चौधरीले पनि आफ्नो परिवारको तर्फबाट आफूहरूले उजुरी दिएको बताइन् । आफूहरूले बुझ्दा अनुसन्धान भइरहेको बताउने गरेको उनको भनाइ छ ।

पोष्टपार्टम रिर्पोटमा त मोहनको शरीरमा चोट देखिएको छ भन्ने सुनिन्छ नी ? भन्ने मिसन टुडेको प्रश्नमा प्रहरी निरीक्षक गुप्ताले दोहोऱ्याए, 'हामी घटनाको अनुसन्धान गरिरहेका छौं । अहिले सबै कुरा खुलाउन मिल्दैन ।' तर, भेरी अस्पतालमा गरिएको पोष्टमार्टम रिपोर्टमा थारूको शरीरमा चोटपटक देखिएको स्रोतको दाबी छ । स्रोतका अनुसार थारूको बाहिरी शरीरमा चोट नदेखिएपनि भित्री शरीरमा भने केही भागमा चोट देखिएको छ ।

*बाँकी दोस्रो पृष्ठमा...*

# ५१ प्रतिशत नागरिक अझै बीमाको पहुँचबाहिर

प्रदेशहरूमध्ये बीमाको पहुँचका हिसाबले सबैभन्दा बढी बागमती प्रदेशमा ३४ दशमलव ४८ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा नौ दशमलव ३७ प्रतिशत रहेको छ । यसैगरी कोशी प्रदेशमा ३१ दशमलव ७५ प्रतिशत, गण्डकी प्रदेशमा ३० दशमलव २८ प्रतिशत, कर्णाली प्रदेशमा २९ दशमलव ११ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा १९ दशमलव १४ प्रतिशत र लुम्बिनी प्रदेशमा १९ दशमलव ९ प्रतिशत रहेको छ ।

**वीरेन्द्र जैसी**
*नेपालगन्ज, ११ मंसिर*

नेपालमा पछिल्लो ६ वर्षमा जीवन बीमाको पहुँच उल्लेखनीयरूपमा वृद्धि भएपनि अझै ५१ प्रतिशत नागरिक बीमाको पहुँचबाहिर रहेका छन् । नेपाल बीमा प्राधिकरणका अनुसार २०७५-०७६ सालसम्म १७ प्रतिशत नागरिकमा मात्रै रहेको जीवन बिमाको पहुँच २०८२ को असोज मसान्तसम्म आइपुग्दा ४९ दशमलव ०५ प्रतिशत नागरिकमा पुगेको छ ।

प्रदेशहरूमध्ये बीमाको पहुँचका हिसाबले सबैभन्दा बढी बागमती प्रदेशमा ३४ दशमलव ४८ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा नौ दशमलव ३७ प्रतिशत रहेको छ । यसैगरी कोशी प्रदेशमा ३१ दशमलव ७५ प्रतिशत, गण्डकी प्रदेशमा ३० दशमलव २८ प्रतिशत, कर्णाली प्रदेशमा २९ दशमलव ११ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा १९ दशमलव १४ प्रतिशत र लुम्बिनी प्रदेशमा १९ दशमलव ९ प्रतिशत रहेको छ ।

बीमाशुल्कमा हिस्साका हिसाबले पनि पछिल्लो तथ्यांकअनुसार बागमती प्रदेशको सबैभन्दा बढी ४६ दशमलव ०७ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको जम्मा दुई दशमलव ९४ प्रतिशत रहेको छ । बीमाशुल्कमा हिस्साका आधारमा दोस्रोमा रहेका लुम्बिनी प्रदेशको १४ दशमलव ७६ प्रतिशत, कोशी प्रदेशको ११ दशमलव ९१, गण्डकी प्रदेशको १० दशमलव ०१ प्रतिशत, मधेश प्रदेशको ८ दशमलव ६९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको पाँच दशमलव ६४ प्रतिशत रहेको छ ।

लुम्बिनी प्रदेशमा असोज महिनासम्म बीमा शुल्कका आधारमा रूपन्देही, दाङ र बाँके जिल्ला अगाडी रहेका छन् । लुम्बिनी प्रदेशका ११ लाख सक्रिय जीवन बीमालेख रहेका

*बाँकी दोस्रो पृष्ठमा...*




## जेनजी आन्दोलनमा भएको क्षतिका लागि साढे २३ अर्ब बीमा दाबी

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको क्षतिवापत देशभर साढे २३ अर्ब रूपैयाँको बीमा दाबी भएको छ । नेपाल बीमा प्राधिकरणका अनुसार कात्तिक २४ गतेसम्मको विवरणअनुसार देशभरबाट २३ अर्ब ४६ करोड ९१ लाख रूपैयाँ दाबी भएको छ । जसमध्ये तीन अर्ब ६८ करोड ४१ लाख रूपैयाँ भुक्तानीसमेत भइसकेको छ ।

दाबी संख्याका आधारमा सबैभन्दा बढी बागमती प्रदेशबाट एक हजार सात सय ६२, त्यसपछि कोशी प्रदेशबाट चार सय, मधेश प्रदेशबाट तीन सय ६८, लुम्बिनी प्रदेशबाट दुई सय ५६, गण्डकी प्रदेशबाट दुई सय २२, सुदूरपश्चिमबाट दुई सय नौ र कर्णाली प्रदेशबाट २९ वटा दाबी परेका छन् ।

दाबी रकमका आधारमा सबैभन्दा बढी बागमती प्रदेशबाट १७ अर्ब ८३ करोड ३४ लाख, कोशी प्रदेशबाट दुई अर्ब ३२ करोड २६ लाख, गण्डकी प्रदेशबाट एक अर्ब ६९ करोड ५७ लाख बढीको बीमा दाबी गरिएको छ ।

# प्रधानमन्त्री कार्की र एमाले नेताबीच छलफल

**मिसन संवाददाता**
*काठमाडौं, ११ मंसिर*



प्रधानमन्त्री सुशीला कार्की र नेकपा एमालेका नेताहरूबीच छलफल भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको भेटवार्तामा निर्वाचनको विषयसँग जोडेर छलफल भएको एमालेका निवर्तमान प्रमुख सचेतक महेश बर्तौलाले बताए ।

'प्रधानमन्त्रीले निर्वाचनको विषयसँग जोडेर विषयवस्तु राख्नुभयो । निर्वाचन अगाडि बढाउन संस्थागत सहयोग होस्, साथ होस् भन्नुभयो,' उनले भने । यससँग जोडिएर एमालेले दुई तीन वटा कुरामा जोड दिएको उनले बताए । 'पहिलो, अहिलेको सरकारकै निर्माण गठनको सन्दर्भमा केही संवैधानिक प्रश्नहरू छ, त्यसको परीक्षणको प्रक्रिया चलिरहेको छ । अदालतले हामीसहित धैरै रिटहरू पनि परेको छ । यसको संवैधानिक परीक्षण हुने कुरा पहिला टुंगियोस्,' बर्तौलाले भने ।

दोस्रो त्यसपश्चात् निर्वाचनमा कसरी अगाडि बढ्ने भन्ने सँगसँगै आउने उनले बताए । 'हामीले चुनावको निष्पक्षता र निर्भयताको वातावरण होस् भन्ने चाहेका छौं । सरकारको जे अहिलेसम्म तयारी, क्रियाकलाप देखिएको छ, त्यसमा हामी विश्वस्त हुन सकेनौं,' बर्तौलाले भने, 'यसले चुनाव हुने वातावरण बनाएको छैन । निर्वाचनको अनिवार्य सर्तका रूपमा जोडिएको शान्तिपूर्ण वातावरणको पाटो हो, भयरहित ढंगबाट जनताका बीचमा जान सक्ने अवस्था छैन । मतदाताहरूको विवेकको मत व्यक्त गर्नसक्ने सहज स्थिति देखापरेको छैन ।'

पूर्वप्रहरी प्रमुख चन्द्रकुबेर खापुङलाई स्थानहद तोकिएको सन्दर्भमा पनि एमालेले प्रश्न उठाएको थियो । यसले प्रहरीको मनोबल खस्किएको उनीहरूको बुझाइ थियो । प्रधानमन्त्रीका प्रेस संयोजक राम रावलका अनुसार प्रधानमन्त्रीले एमालेले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेको भन्दै खुसी व्यक्त गरेकी थिइन् ।

'तपाईंहरूले दल दर्ता गर्नुभएछ, खुसी लाग्यो । सबै मिलेर चुनावको वातावरण बनाऔं, मुलुकलाई थप अप्ठ्यारोबाट जोगाऔं । हामी सबैले आआफ्नो मूल्यांकन पनि गरौं,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै उनले भने ।

छलफलमा प्रधानमन्त्री कार्की, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल सहभागी थिए । एमालेबाट

*बाँकी दोस्रो पृष्ठमा...*

## २० लाख धरौटी बुझाएर पूर्वसभामुख महरा रिहा

**काठमाडौं ।** सुन तस्करीको आरोपमा पुर्पक्षमा थुनामा रहेका पूर्वसभामुख कृष्णबहादुर महरा तोकिएको धरौटी बुझाएर रिहा भएका छन् । उच्च अदालत पाटनले २० लाख धरौटी तोकेपछि रिहाइ प्रक्रियाका लागि उनलाई काठमाडौं जिल्ला अदालत उपस्थित गराइएको थियो । जिल्ला अदालत काठमाडौंका प्रवक्ता दीपककुमार श्रेष्ठले महराले धरौटी बुझाएर रिहा भएको जानकारी दिए ।

*बाँकी दोस्रो पृष्ठमा...*

**शिक्षक पदको लागि दरखास्त आब्हान**

**यस ब्राइटल्याण्ड स्कुल, नेपालगञ्ज १०, बाँकेमा निम्न पदहरूका लागि सक्षम, प्रेरित र उत्तरदायी शिक्षकहरूको आवश्यकता रहेकोले, इच्छुक उम्मेदवारबाट दरखास्त आब्हान गरिन्छ ।**

**रिक्त पदहरु :**

| बिषय | तह |
|---|---|
| सामाजिक अध्ययन | आधारभूत तथा माध्यमिक |
| विज्ञान | माध्यमिक |

**योग्यता :** सम्बन्धित विषयमा न्यूनतम स्नातकोत्तर ।

**अनुभव :** कम्तिमा २ वर्ष ।

**अन्य क्षमता :**
- बालमैत्री व्यवहार भएको, प्रेरणादायी, अनुशासित तथा साँस्कृतिक मूल्यमा रुचि राख्ने ।

**दरखास्त बुझाउने अन्तिम मिति :** १४/०८/२०८२

**तलव स्केल :** विद्यालयको नियमअनुसार ।

**आवेदन दिने तरिका :**
- स्वप्रेरणाले भरिएको हस्तलिखित आवेदन पत्र । शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपी ।
- हालसालै खिचिएको फोटो र अनुभव प्रमाणपत्रसहित विद्यालयको कार्यालयमा बुझाउनुहोस् वा इमेल गर्नुहोस् ।

**इमेल:-** *brightlandhss@gmail.com*

**ब्राइटल्याण्ड स्कुल**
**नेपालगञ्ज १०, बाँके**



# खाल्डाखुल्डी तत्काल मर्मत गर्न सडक एम्बुलेन्स सञ्चालनमा



**मिसन संवाददाता**
*काठमाडौँ, ११ मंसिर*

काठमाडौँका सडक खाल्डाखुल्डी तत्काल मर्मत गर्न सडक एम्बुलेन्स सञ्चालनमा आएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बिहीबार सडक डिभिजन कार्यालय काठमाडौँले प्रयोगमा ल्याएको सडक मर्मत एम्बुलेन्स प्रयोगको शुभारम्भ गरेका हुन्।

सडक डिभिजन कार्यालय काठमाडौँको कार्यक्षेत्रमा पर्ने काठमाडौँ जिल्लाभित्रका सामरिक महत्वका सडक तत्काल मर्मत गर्नका लागि एम्बुलेन्स प्रयोगमा ल्याइनेछ। त्यस्तै सडकमा देखिएका खाल्डाखुल्डीको तत्काल जानकारी दिइ मर्मत अगाडि बढाउन मोवाइल एप्स् पनि सञ्चालनमा ल्याइएको छ।

जसमा खाल्डोको अवस्थाको तत्काल फोटो खिची अपलोड गर्न सकिने व्यवस्था र मर्मतपछि त्यसको अद्यावधिक विवरण राख्न सकिनेछ। कार्यक्रममा मन्त्री घिसिङले सडक एम्बुलेन्स नेपालमा नमुनाका रूपमा प्रयोगमा ल्याइएको उल्लेख गर्दै त्यसलाई अन्य मुख्य शहरमा पनि विस्तार गरी सडक मर्मतसम्भारमा आउने गुनासोलाई सम्बोधन गरिने बताए। विकसित देशमाजस्तै अत्याधुनिक उपकरण जडान गरी सडक मर्मतको सेवा प्रवाहलाई अझै प्रभावकारी बनाइनु पर्नेमा उनले जोड दिए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा र सडक विभागका महानिर्देशक विजय जैशीले सडक एम्बुलेन्सको प्रयोगले सडक मर्मतका विषयमा आउने गुनासोलाई तत्काल सम्बोधन गर्ने विश्वास व्यक्त गरे। काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले सडक मर्मत कार्यलाई प्रभावकारी तथा पारदर्शी बनाउन एम्बुलेन्सले सहयोग गर्ने बताए।

सडक डिभिजन काठमाडौँका प्रमुख सुवोधकुमार देवकोटाले एम्बुलेन्सको प्रयोगबाट ३६५ दिन र २४सै घण्टा तयारी अवस्थामा रहने, सडक तत्कालै मर्मतसम्भार गरी सहज आवागमन सुनिश्चित प्रदान गर्न सकिने उल्लेख गरे।

एम्बुलेन्ससँगै तालिमप्राप्त प्राविधिक टोली खाल्डो देखिएको स्थानमा पुगेर छिटोछरितो मर्मतकार्य सम्पन्न गरिनेछ। कामको समयमा ट्राफिक व्यवस्थापनका लागि चेतावनी बत्ती छन्। भिडभाडको समयमा समेत आकस्मिक मर्मत गर्न सकिनेछ।

# घाट बनाउँदा २९ लाखभन्दा बढी भ्रष्टाचार

**मिसन संवाददाता**
*काठमाडौँ, ११ मंसिर*

धनुषाको कमल नगरपालिकाको लग्मा बजारस्थित पोखरीको माटो पुर्ने र घाट निर्माण कार्यमा भ्रष्टाचार भएको गरेको आरोपमा १० जनाविरुद्ध मुद्दा दायर भएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्कालीन नगरप्रमुख रामउदगार गोइतसहितका व्यक्तिविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

मुद्दा दायर भएकामा कार्यपालिका सदस्यहरू धनेश्वर यादव, धर्मनाथ मण्डल, पल्टु कवारी, विनोद राम, समसुल मिया मोमिन रहेका छन्। यस्तै तत्कालीन निमित्त प्रशासकीय अधिकृत वीरेन्द्रकुमार सढान, लेखापाल सञ्जीवकुमार महतो र जिन्सी शाखा प्रमुख जुगलकिशोर यादवविरुद्ध पनि मुद्दा दायर भएको अख्तियार प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए।




अख्तियारले इन्फ्रास्ट्रक्चर एन्ड बिल्डर्स प्रालि जनकपुर र उक्त कम्पनीका अध्यक्ष सन्तोषकुमार यादवविरुद्धसमेत भ्रष्टाचार मुद्दा दायर गरेको पौडेलले बताए। उनीहरूसँग २९ लाख ४४ हजार १३७ रूपैयाँ बिगो र सजाय माग दाबी लिइएको छ।

आर्थिक वर्ष २०७६-०७७ मा सालमा पोखरीको डिलमा माटो पुर्ने र घाट निर्माणसहित सौन्दर्यीकरण गर्ने भनी कमला नगरपालिकाले ७५ लाख रूपैयाँ बजेट छुट्याएको थियो। बोलपत्रमा घटी अंक कबोल गर्ने निर्माण कम्पनीसँग सम्झौता नगरी बढी कबोल गर्ने कम्पनीसँग गरेर राज्यलाई नोक्सान पारी भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

सेट स्क्वायर कन्स्ट्रक्सन प्रालि राजविराजले ४२ लाख ७४ हजार ५५१ रूपैयाँ कबोल गरेकामा ७२ लाख २१ हजार ७३० रूपैयाँ कबोल गरेको इन्फ्रास्ट्रक्चरलाई मिलेमतोमा ठेक्का दिइएको अख्तियारको दाबी छ। सार्वजनिक खरिद ऐन २०६३ अनुसार सरकारी काममा कम कबोल गर्ने कम्पनीलाई ठेक्का दिनुपर्ने व्यवस्था छ।

## Barbardiya Municipality
## Office of Municipal Executive
**Jayanagar, Bardiya**
**Lumbini Province, Nepal**

### Invitation for Online Bids

**Date of publication:2082/08/12**

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bidsfrom eligible bidders for the projects as mention below. Bidders may obtain further detail information by visiting PPMO egp portal bolpatra.gov.np/egp.

| Contract ID No. | Description of works | Bid document fee (Nrs) | Bid security Amount (Nrs) | Bid Validity Period/ Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| 47/BMO/SQ/ W/2082-83 | kaathko pul bisthapan karyakaram ward no.09, khairenii magartoll | 1000.00 | 25000.00 | 75 days | |
| 48/BMO/SQ/ W/2082-83 | Sonpur Adharbhur bidhayalaya kaa lagiee bhawan marmat sambhar kharcha. | 1000.00 | 25000.00 | 75 days | |

**Note:** Bid validity period should be counted from the last day of bid submission and should include 30 extra days on bid validity period.anything in this notice inconsistent with bid document, bid document will prevail.

**Chief Administrative Officer**

## पहिलो पृष्ठको बाँकी

### ५१ प्रतिशत...

र उनीहरूबाट सात अर्ब ४३ करोड बीमाशुल्क संकलन हुँदा एक अर्ब २६ करोड दाबी भुक्तानी पनि गरिएको प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका सहायक निर्देशक शिवराज विसीले जानकारी दिए।

हाल नेपालमा १४ वटा जीवन बीमक कम्पनी, १४ वटा निर्जीवन बीमक कम्पनी, दुईवटा पुनर्बीमक कम्पनी, सातवटा लघुबीमक कम्पनीले इजाजत प्राप्त गरेका पनि विसीले जानकारी दिए। हाल देशभर करिब चार लाख बीमा अभिकर्ता र एक हजार चार सय १५ अभिकर्ताहरू सक्रिय रहेका छन्।

**बीमाबारे पत्रकारसँग अन्तर्क्रिया**

नेपाल बीमा प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयले नेपालगन्जमा पत्रकारहरूसँग बीमासम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। प्राधिकरणका प्रदेश प्रमुख जमुना अर्याल आचार्यको अध्यक्षता तथा पत्रकार महासंघ लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाईंको प्रमुख आतिथ्यतामा सम्पन्न अन्तर्क्रिया कार्यक्रमा बीमाको पहुँच र गुणस्तर वृद्धिका विषयमा छलफल भएको थियो।

कार्यक्रममा प्राधिकरणका सहायक निर्देशक शिवराज विसीले बीमाको हालको अवस्था र प्राधिकरणले गरिरहेको कामका विषयमा प्रस्तुती प्रस्तुत गरेका थिए। कार्यक्रममा सहभागी पत्रकारहरूले बीमा दाबी भुक्तानीमा झन्झट हुने गरेको, बीमा अभिकर्ताले अस्वस्थ तरिका अपनाएर बीमा गराउन खोज्दा नकारात्मक धारणा बन्ने गरेको, बीमासम्बन्धी सचेतनाको अभाव रहेको र विपन्न समुदायमा बीमाको पहुँच नपुगेको बताएका थिए। साथै उनीहरूले बीमासम्बन्धी सचेतनाका कामका साथै नियमनमा पनि चुस्तता ल्याउनुपर्ने धारणा राखेका थिए।

उनीहरूले बीमा आर्थिक सुरक्षाका लागि आवश्यक रहेको हुँदा कम्तीमा घरमुलीको बीमा गर्ने अवस्थासम्म पुऱ्याउन सबैको सहकार्य आवश्यक रहेको बताएका थिए। प्राधिकरणका प्रदेश प्रमुख अर्यालले प्राधिकरणले बीमासम्बन्धी सचेतना र नियमका लागि विभिन्न प्रयास भइरहेका र त्यसै उद्देश्यका लागि पत्रकारहरूसँग पनि अन्तर्क्रिया गरिएको बताइन्। उनले आएका सुझावहरूले आधारमा नीति तथा कार्यक्रमलाई सुधार गर्न मद्दत गर्ने बताइन्।

### पोष्टमार्टममा...

छाती र पेटमा चोट देखिएको रहेछ नी ? भन्ने प्रश्नमा प्रहरी निरीक्षक गुप्ताले रिपोर्टमा केही कुरा देखिएपछि आफूहरूले अनुसन्धान गरिरहेको दोहोऱ्याए। घटनाको अनुसन्धान छिट्टै टुंग्याइनेसमेत उनले बताए। मोहन उक्त दिन दिउँसो घाँस संकलन गर्न गएका थिए। रातिसम्म घर नफर्किएपछि उनको खोजी भएको थियो र राति ९ गतेतिर जंगलमा मृत अवस्थामा फेला परेका थिए।

### प्रधानमन्त्री...

महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र महेश बर्तौला सहभागी थिए। त्यस्तै प्रधानमन्त्रीका प्रेस संयोजक राम रावल पनि सहभागी थिए। निर्वाचनको वातावरण बनाउन प्रधानमन्त्रीले अन्य दलहरूसँग छलफल गरिरहेकी छन्।

### २० लाख...

उच्च अदालत पाटनका न्यायाधीशद्वय अर्जुनप्रसाद कोइराला र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको बिहीबारको इजलासले महरालाई २० लाख धरौटीमा छाड्न आदेश दिँदै 'मूल जाहेरीमा महराको नामै छैन। पहिलो पुरक अभियोगमा पनि उनीबारे केही उल्लेख छैन। अरू अभियुक्तले पनि पोल गरेको देखिँदैन्' भनेको थियो।

मूल अभियोग र पहिलो पुरक अभियोगको समेत प्रमाणहरूको विश्लेषण गरी फैसला भइसकेको, बयान तथा प्रमाणले समेत उनलाई तत्काल थुनामा राख्न पर्ने कुनै कारण नदेखिएको उल्लेख उच्चले गरेको थियो।

यसअघि २९ असोजमा काठमाडौँ जिल्ला अदालतले गरेको आदेश उल्टाउँदै उनलाई २० लाख धरौटीमा छाड्न अदालतले आदेश दियो। उनलाई गत असोज २६ गते सीआईबीले पक्राउ गरेको थियो। १० पुस २०७९ मा फ्लाई दुबईको फ्लाइटनम्बर एफजेट ०५८७ नम्बरमार्फत तस्करी भएको ९ किलो सुनमा उनको संलग्नता रहेको दाबी गर्दै मुद्दा चलाइएको थियो।

## Sisne Rural Municipality
## Office of the Rural Municipal Executive
**Rukumkot, Rukum (East)**
**Lumbini Province, Nepal**

### Invitation of Bids

**(First Date of Publication: 2082/08/12 B.S.)**

1.0 Sisne Rural Municipality Rukumkot, Rukum (East) invites bids from eligible and qualified bidders for the following construction work.

| S. N | Contract No. | Description of works | Estimated Amount (Without VAT, PS & Contingencies) (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | EGP/NCB/SRM/ W-06/082/83 | Highway Dekhi Maidan Hundai Purano School Samma Sadak Staronntee Sisne 5 Rukum East | 7,448,901.24 | 215,000.00 | 3,000.00 | 2082/09/13 B.S. Time upto 12:00 hrs | 2082/09/13 B.S. Time at 13:00 hrs |
| 2. | EGP/NCB/SRM/ W-07/082/83 | Thakna Upallo Hyapla Hundai Bhume 8 Kuchibangko Simana Samma Motarbato Nirman | 2,612,561.49 | 75,000.00 | 3,000.00 | 2082/09/13 B.S. Time upto 12:00 hrs | 2082/09/13 B.S. Time at 13:00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| **Office Name** | Sisne Rural Municipality Rukumkot, Rukum (East) | |
| **Rajashwo Account No.** | 18903000001001000001 | Nepal Bank Limited Rukumkot Branch |
| **Dharauti Account No.** | 18903000003000000001 | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) Only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act, 2063 (including all amendment), and Public Procurement Regulation, 2064 (including all amendment). Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

5.0 Sisne Rural Municipality, Rukumkot reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

# नेपालगन्जमा डोजर लगाएर हटाइए संरचना

**मिसन संवाददाता**
*नेपालगन्ज, ११ मंसिर*

नेपालगन्ज उपमहानगरपालिकाले अपांगमैत्री फुटपाथ निर्माण र वृक्षरोपण गर्ने भन्दै डोजर लगाएर सडकपेटी खाली गराएको छ। उपमहानगरले यसअघि १५ दिनको सूचना जारी गरेर नालाबाट ७ फिटभित्रका संरचनाहरू आफैँ हटाउन भनेकोमा स्थानीयहरूले अटेर गरेपछि डोजर लगाएर आफैँ हटाएको हो।

त्यसक्रममा नगरप्रमुख प्रशान्त बिष्ट र प्रमुख प्रशासकीय अधिकृत रामहरी जोशी पनि उपस्थित थिए। तर उपमेयर कमरुद्दिन राई उपस्थित थिएनन्। त्यसक्रममा अधिकांश अस्थायी संरचना, सडक क्षेत्रमा लगाइएका टायल तथा पर्खालजस्ता संरचनाहरू हटाइएको थियो। धम्बोझी चोकनजिकै रहेका दुईवटा घरका स्थायी संरचना भने घरधनी आफैँले हटाउने गरी काम सुरु गरेका छन्।



नगरप्रमुख बिष्टले पटक-पटक सार्वजनिक सूचना जारी गरेर सचेत गराउँदासमेत अवैध संरचना नहटाइएपछि डोजर लगाएर संरचना हटाइएको बताए। अब केही दिनमा फुटपाथ निर्माणको काम सुरु हुने उनले बताए। हाललाई सुर्खेत रोडको पश्चिमपट्टी फुटपाथ बनाइने र अर्को चरणमा पूर्वपट्टीका साथै कारकाँदो चोकसम्मै फुटपाथ बनाइने योजना रहेको उनले बताए।

नेपालगन्ज उपमहानगरपालिकाले कात्तिक १८ गते नेपालगन्जको विपीचोकदेखि धम्बोझीसम्म फुटपाथ निर्माण तथा वृक्षरोपण गरिने भन्दै नालाको बाहिरी किनाराबाट ७ फिटभित्रका संरचना हटाउन सूचना जारी गरेको थियो। उक्त सूचनामा संरचना हटाउन दिइएको समय सकिँदा पनि स्थानीयहरूले संरचना हटाएका थिएनन्।

उपमहानगरले साविकको नेपालगन्ज मेडिकल कलेज हाल सञ्जीवनी कलेज अफ मेडिकल साइन्सेजका साथै केही विपी चोकसम्मका संरचनाहरू जोगाउने गरी सूचना जारी गरेको थियो। २०८० सालको माघ महिनाबाट गणेशमान चोकबाट सुरु भएको उक्त योजना नेपालगन्ज मेडिकल कलेजसम्म सात सय मिटर मात्रै सम्पन्न भएको छ।

तर, त्यसभन्दा यता निर्माणका लागि त्यहाँ भएका पसल र मेडिकल कलेजले संरचनाहरू भत्काउन मानेनन्। उपमहानगरले ती संरचना भत्काउन पहल गरेन्। संरचना नभत्काएकै कारण ठेकेदारले उक्त काम पूरा गर्न नसकेपछि अहिले पुरानो ठेकेदारलाई उपमहानगरपालिकाले कारबाहीको प्रक्रिया अघि बढाएको छ। उक्त ठेकेदारले पहिलोपटक गरेको निर्माणकार्य कमसल रहेपछि पुनः पहिले लगाइएको टायल उप्काएर नयाँ टायल बिछ्याउँदै समय व्यतित गरेको थियो।

पुरानो ठेकेदारलाई कारबाही प्रक्रिया अघि बढाएको उपमहानगरले सडक क्षेत्र मिचेर संरचना बनाएका र हटाउन अटेर गरिरहेका मेडिकल कलेज, केही पुस्तक तथा किराना पसल र औषधि पसललाई जोगाउनेगरी नयाँ योजना अघि सारेको हो।

# सुचाउ महानगर र बर्दघाटबीच भगिनी सम्बन्ध स्थापनाबारे छलफल

**पुरुषोत्तम सुबेदी**
*नवलपरासी, ११ मंसिर*

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका र चीनको सुचाउ महानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना गर्नेबारे छलफल भएको छ। शिक्षा, स्वास्थ्य, प्रविधि, व्यापार र संस्कृति लगायतका क्षेत्रमा सहकार्य गर्ने उद्देश्यले यो सम्बन्ध अगाडी बढाउन लागिएको हो।

नगरप्रमुख शम्भुलाल श्रेष्ठले यो सम्बन्ध बर्दघाटको विकासका लागि कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गरे। उनका अनुसार यस सम्बन्धले दुई नगरबीच प्रविधि र ज्ञानको आदानप्रदान भई नगरवासीले प्रत्यक्ष लाभ पाउनेछन्। 'सुचाउ जस्तो विकसित महानगरसँगको भगिनी सम्बन्धले हामीलाई पूर्वाधार विकास, प्राविधिक शिक्षा र स्वास्थ्य सेवामा सुधार गर्न ठूलो सहयोग पुग्नेछ,' उनले भने।




सुचाउ युनिभर्सिटी अफ टेक्नोलोजीका प्रोफेसर चाङ वाई र नेपाली चिकित्सक डा. केशव कुँवरसहितको टोलीले नगरको स्वास्थ्य संस्था र क्याम्पसहरूको स्थलगत अवलोकन गरेको छ।

'नगरको समग्र विकासका लागि हामी यो सम्बन्धलाई द्रुत गतिमा अगाडी बढाउँदै छौँ। यो सम्बन्ध स्थापनापछि दुवै नगरको विकासका लागि साझा योजना बनाइ काम गरिनेछ,' प्रमुख प्रशासकीय अधिकृत बाबुराम पौडेलले भने। पौडेलले विशेषगरी प्राविधिक शिक्षा र स्वास्थ्य सुविधाको स्तरोन्नतिका लागि सुचाउको सहयोगको अपेक्षा गरिएको बताए।

प्रोफेसर चाङ वाईले यसअघि पोखरा महानगरपालिका र सुचाउ महानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना गराउन नेतृत्व गरेका थिए। भ्रमण टोलीलाई नगरपालिकाको विकासका प्राथमिकता र आवश्यकताका बारेमा जानकारी गराइएको थियो।

# खत्याडमा टिमुरखेती विस्तार गरिँदै

**मिसन संवाददाता**
*मुगु, ११ मंसिर*

जिल्लाको खत्याड गाउँपालिकाले टिमुरखेती विस्तारलाई जोड दिएको छ। स्थानीयको आर्थिक समृद्धिसँगै स्थानीय टिमुर उत्पादन वृद्धि गर्ने उद्देश्यले खेती विस्तारमा जोड दिइएको गाउँपालिका अध्यक्ष अजबहादुर शाहीले बताए।

उनका अनुसार चालू आर्थिक वर्षका लागि गाउँपालिकाले प्रत्येक वडामा कृषि आधुनिकीकरण तथा व्यवसायीकरणलाई प्राथमिकता दिँदै एक करोड बढी बजेट विनियोजन गरिएको छ। गाउँपालिकाले ११ वटै वडामा टिमुर उत्पादन तथा प्रवर्द्धनका लागि कूल एक करोड ७५ लाख रूपैयाँ विनियोजन गरेको उनले बताए।




'उक्त बजेटमार्फत टिमुरका नर्सरी स्थापना, उत्पादन क्षेत्र विस्तार, प्राविधिक सहयोग, वितरण प्रणाली र बजार पहुँच विकासका कार्यक्रम अघि बढाइनेछ,' उनले भने, 'स्थानीयस्तरमा उत्पादन वृद्धि र आत्मनिर्भरता कायम गर्न गाउँपालिकाले टिमुरसँगै अन्य बहुउपयोगी बालीको पनि विस्तार कार्यलाई प्राथमिकता दिएको छ।'

पालिकालको लक्ष्य कृषिमा आत्मनिर्भर बन्नुनै रहेको उनको भनाइ छ। त्यसका लागि स्याउ, ओखर, सुन्तला लगायतका उच्च मूल्यका बालीलाई पनि सबै वडामा विस्तार गर्ने योजना रहेको अध्यक्ष शाहीले बताए।

'उच्च भौगोलिक सम्भावना र बजार मागलाई मध्यनजर गर्दै टिमुरखेती विस्तारले स्थानीयवासिन्दालाई दीर्घकालीन आम्दानीको आधार निर्माण गर्नेछ,' उनले थपे, 'गाउँपालिकाले कृषकहरूलाई आवश्यक प्राविधिक तालिम, बीउबिजन तथा टेक्नोलोजी उपलब्ध गराउने तयारी पनि गरेको छ।'

यस्तै गाउँपालिकाले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत विभिन्न सचेतनामूलक गतिविधि सञ्चालन गरिरहेको उनले जानकारी दिए। सोमबारदेखि सुरु गरिएको अभियानअन्तर्गत विद्यालय, महिला समूह, सामाजिक संस्था तथा समुदायलाई समेट्दै घरेलु हिंसा रोकथाम, लैङ्गिक समानता र सुरक्षाबारे जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। अध्यक्ष शाहीले समाजमा लैङ्गिक हिंसा रोकथामका लागि सबै तहबाट सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै अभियानलाई प्रभावकारी बनाइने जानकारी दिए। सचेतना र अर्थपूर्ण सहभागिताको विस्तारबिना हिंसा नियन्त्रण सम्भव नहुने उनको तर्क छ। त्यसैले गाउँगाउँमा पुगेर कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए।

# मानव अधिकार रक्षकको सुरक्षाबारे चिन्ता व्यक्त

**मिसन संवाददाता**
*नेपालगन्ज, ११ मंसिर*

नेपालगन्जका मानव अधिकारकर्मीहरूले मानवअधिकार रक्षकहरूमाथि सुरक्षा चुनौती बढिरहेको भन्दै चिन्ता व्यक्त गरेका छन्। बिहीबार मानव अधिकार रक्षकहरूको पछिल्लो अवस्था, चुनौती र समाधानका उपायबारे नेपालगन्जमा भएको अन्तर्क्रिया कार्यक्रममा उक्त चिन्ता व्यक्त गरिएको हो। एड्भाकेसी फोरमको आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न मानव अधिकारवादी संघ-संस्थाका प्रतिनिधि, पत्रकार, कानुन व्यवसायी र सरोकारवालाको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागी मानव अधिकारकर्मीहरूले अहिले पनि शान्ति-सुरक्षा कमजोर रहेको, स्थानीय तहमा त्रासको वातावरण विद्यमान रहेको र मानव अधिकारका सवालमा निडर भएर आवाज उठाउन चुनौती रहेको बताएका थिए। अधिकारकर्मीले सरकारी निकाय लगायतका विभिन्न स्रोतबाट दबाब तथा धम्की आउने अवस्थाका कारण अधिकारकर्मीहरूले निगरानी र संगठनात्मक बहसलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए। विशेषगरी महिला मानव अधिकार रक्षकहरू



लैंगिक पूर्वाग्रह तथा सामाजिक दृष्टिकोणका कारण बढी जोखिममा रहेका कार्यक्रममा बताइएको थियो।


सहभागीहरूले आगामी निर्वाचन नजिकिँदै गर्दा मानव अधिकारकर्मीमाथि व्यक्तिगत आक्रमण, रिसइबी र द्वन्द्व बढ्ने सम्भावनाबारे पनि चिन्ता व्यक्त गरेका छन्। राजनीतिक प्रतिस्पर्धा चर्किँदै जाँदा अधिकारकर्मीहरू चुनावी प्रक्रियाको निगरानी तथा अनुगमनमा संलग्न हुने भएकाले उनीहरूको सुरक्षा, पेशागत आचरण र सहकार्य झनै आवश्यक हुने सहभागीहरूको भनाइ थियो।

मानव अधिकारकर्मीहरूले नियमित समन्वय, सूचनामा पहुँच र सुरक्षा सुनिश्चित गर्न राज्य संयन्त्रले विशेष ध्यान दिनुपर्नेमा कार्यक्रमका सहभागी अधिकारकर्मीहरूले जोड दिएका छन्। छलफलका क्रममा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सामूहिकरूपमा कसरी मनाउने विषयमा पनि छलफल गरेका थिए।

# 'हस्ताक्षरको दुरुपयोग गरियो'

**मिसन संवाददाता**
*धनगढी, ११ मंसिर*

नेपाली काँग्रेस सुदूरपश्चिम प्रदेशसभाका प्रमुख सचेतक विक्रमसिंह धामीले विशेष महाधिवेशनका नाममा हस्ताक्षर दुरूपयोग गरिएको बताएका छन्। महासमिति सदस्यसमेत रहेका दार्चुलाका धामी र महाधिवेशन प्रतिनिधि रहेका दार्चुलाकै गोकर्णबहादुर चन्दले विज्ञप्ति जारी गर्दै हस्ताक्षरको दुरूपयोग भएको बताएका हुन्।




'नेपाली काँग्रेसका सभापति सम्माननीय शेरबहादुर देउवाज्यू र उहाँकी धर्मपत्नी नेपाली काँग्रेसका केन्द्रीय सदस्य डाक्टर आरजु देउवाज्यू जेनजी आन्दोलनको क्रममा आफ्नै निवासमा सांघातिक हमलामा परी घाइते अवस्थामा उपचाररत रहेका बेला हस्ताक्षर गर्ने परिकल्पना गर्ने सकिँदैन,' उनीहरूले भनेका छन्, 'अन्य परियोजनका लागि गरिएको हस्ताक्षरको दुरूपयोग भएकोमा विशेष महाधिवेशनको लागि कहीँ कतै हस्ताक्षर नगरिएको व्यहोरा अनुरोध गर्दछौँ।'

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD EDGE 205A THF ST GR | 190 Ltr | INDIA | SET | NPR | 31,490/- | |
| 2 | WASHING MACHINE | FRONT LOADING | GODREJ | WFEON RGL 9014 5.0 IDCRM MTBK | 9 Kg | INDIA | SET | NPR | 87,490/- | |
| 3 | WASHING MACHINE | FRONT LOADING | GODREJ | WFEON RGL 8014 5.0 IDCRM MTBK | 8 Kg | INDIA | SET | NPR | 86,290/- | |

विक्रेता फर्मको नाम: इ.ओ.एल. प्रा.ली.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१

Lumbini Province Government
Ministry of Social Development
**Social Development Division Office**
Tulsipur, Dang

**INVITATION FOR BIDS (IFB)**

Publication Date: 2082/08/12

1. The Social Development Division Office, Dang invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Social Development Division Office, Dang or may visit

| S. N. | Contract No/ Bid No/IFB No. | Description of Work | Estimated Cost Excluding VAT | Bid Security Amount (NRS) | Bid Document Price (NRS) | Last date of bid submission & Time |
|---|---|---|---|---|---|---|
| 1. | SQ/WORKS/SDDOD/ 06/082/083 | Aa. Bi Kaanda ma Adhuro Bhawan Nirman Sisney-4, Rukum Purba | 6,92,206.90 | 20,000.00 | 1,000.00 | 2082/08/28 B.S UP to 12:00 |
| 2. | SQ/WORKS/SDDOD/ 07/082/083 | Saujanya Aa. Bi ma Adhuro Bhawan Nirman Sisne 3 Rukum Purba | 6,92,344.83 | 20,000.00 | 1,000.00 | |
| 3. | SQ/WORKS/SDDOD/ 08/082/083 | Aa. Bi Nathigadh ma Adhuro Bhawan Nirman, Sisney 7 Rukum Purba | 6,93,379.31 | 20,000.00 | 1,000.00 | |
| 4. | SQ/WORKS/SDDOD/ 09/082/083 | Durga Bhawani Aa. Bi Masuriya ma Bhawan ko Finishing ko Kaam Rapti 3, Dang | 10,39,448.28 | 30,000.00 | 1,000.00 | |
| 5. | SQ/WORKS/SDDOD/ 10/082/083 | Ma.Bi Vitrisakram ma Bhawan Nirman Tulsipur-19, Dang | 900137.930 | 30,000.00 | 1,000.00 | |
| 6. | SQ/WORKS/SDDOD/ 11/082/083 | Ma. Bi Hapur Bijauri ma Parkhal Nirman Ghorahi-12, Dang | 6,93,448.28 | 20,000.00 | 1,000.00 | |
| 7. | SQ/WORKS/SDDOD/ 12/082/083 | Balkalyan Ma. Bi Khaira ma Bhawan Nirman, Ghorahi 11 Dang | 6,93,517.24 | 20,000.00 | 1,000.00 | |

Office Chief

## सम्पादकीय

# बीमाको पहुँच आवश्यक

बीमा जोखिम व्यवस्थापनको एक महत्वपूर्ण औजारका रूपमा लिइने गरिन्छ। बीमितले आफ्नो जीवन, सम्पत्ति वा दायित्वमा पर्न सक्ने जोखिमको आर्थिक भार बीमकलाई हस्तान्तरण गर्ने प्रक्रियालाई बीमा भनेर बुझिन्छ। मानवीय समाजमा विपत्ति, जोखिमका अनेकौं सम्भावनाहरू जताकतै रहेका हुन्छन्। जुन विपत्ति, जोखिम जतिखेर पनि हुन सक्छ। अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्न उपयुक्त माध्यमका रूपमा बीमालाई लिइने गरिन्छ। अनिश्चित जोखिम, दुर्घटनाले ग्रसित भएका व्यक्ति वा संस्थाले आफ्नो जोखिम अनुरूप निश्चित बीमा शुल्क बुझाइ घटना भएमा क्षतिपूर्ति प्राप्त गर्ने शर्तसहित बीमा योजना खरिद हुने गर्दछ। बीमा दुई पक्ष बीचमा गरिने सम्झौता हो। यस प्रक्रियामा बीमितको जोखिमको क्षतिपूर्तिको भार बीमाको माध्यमबाट बीमकमा हस्तान्तरण गरिन्छ। यो निश्चित अवधिका लागि हुन्छ। उक्त अवधिमा बीमितको क्षति भएमा बीमा कम्पनीले क्षतिपूर्ति भुक्तानी गर्ने गर्दछ। बीमा विभिन्न किसिमका हुने गर्दछन्। जीवन बीमाअन्तर्गत आजीवन बीमा, सावधिक बीमा, म्यादी बीमा र एन्युटि बीमा रहेका छन् भने निर्जीवन बीमातर्फ अग्नि बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा, मोटर बीमा तथा विविध बीमा रहेका छन्। विभिन्न किसिमका बीमाहरूमा नागरिकलाई आबद्ध गराउनका लागि बीमासम्बन्धी काम गर्ने विभिन्न बीमा कम्पनीहरू स्थापना भएका हुन्छन्।

बीमा एक सुरक्षित भविष्यसमेत हो। पछिल्लो समयमा बीमाको दायरा पनि बढ्दै गएको छ भने यसको महत्वसमेत बढ्दै गएको छ। बीमाका बारेमा आमसर्वसाधारण नागरिकसम्म अझै पनि पूर्णरूपमा जानकारी पुगेको देखिँदैन्। सहरबजारमा बस्ने शिक्षित केही प्रतिशत नागरिक मात्रै बीमाका बारेमा जानकार रहेका देखिन्छन् जसका कारण अझै पनि आमसर्वसाधारण नागरिकसम्म बीमाको पहुँच नपुगेको अनुमान गर्न सकिन्छ। सरकारको तथ्यांकअनुसार अझै पनि ५१ प्रतिशतभन्दा बढी नागरिक बीमाको दायरामा आउन सकेका छैनन्। २०८२ असोज मसान्तसम्ममा ४९.०५ नागरिकहरू विभिन्न बीमामा आबद्ध भएका सरकारी तथ्यांक देखिन्छ। नेपाल विभिन्न कारणले गर्दा जोखिमको अवस्थामा रहेको देखिन्छ। तथ्यांकअनुसार जलवायु परिवर्तनको जोखिममा नेपाल विश्वको १०औं स्थानमा रहेको छ। त्यसैगरी भूकम्पीय जोखिममा ११औं स्थान, मिश्रित विपद् १६औं स्थान र बाढी पहिरो जोखिममा ३०औं स्थानमा रहेको तथ्यांक छ। भविष्यमा हुन सक्ने विभिन्न जोखिमबाट बँच्नका लागि या हुन सक्ने सम्भावित क्षतिको क्षतिपूर्ति पाउनका लागि विभिन्न बीमाहरू महत्वपूर्ण देखिन्छन्। बीमाका बारेमा सम्पूर्ण नागरिकलाई सचेतना गराउनु, बीमा शिक्षाका बारेमा जानकारी गराइ उनीहरूलाई बीमामा आबद्ध गराउनका लागि विभिन्न कार्यक्रमहरू गर्न आवश्यक देखिन्छ।

तीनै तहका सरकार, बीमा प्राधिकरण तथा सम्पूर्ण बीमासम्बन्धी काम गर्ने बीमा कम्पनीहरू सबैले आमनागरिकलाई बीमाका बारेमा सचेतना प्रदान गरी जनचेतना बढाइ बीमाप्रति आकर्षित गराउन लगानी गर्न जरुरी छ। आमनागरिकसम्म बीमाको पहुँच पुग्न आवश्यक छ। जसका लागि सम्पूर्ण सरोकारवाला पक्षहरू गम्भीर बन्न जरुरी छ। त्यसैगरी बीमा गराउने अभिकर्ताहरूले सचेतना गराउनुभन्दा पनि कसरी हुन्छ बीमा गराइदिन्छु भनेर नागरिकलाई जबरजस्ती गर्ने गरेका गुनासाहरू पनि नागरिकले गरिरहेका पाइन्छन्। यसतर्फ पनि बीमा कम्पनी तथा अभिकर्ताहरू सचेत हुनु जरुरी छ। बीमा गराइदिने नाममा नागरिकलाई बीमाका बारेमा सचेतना गराउनुका सट्टा जबरजस्ती कार्य गर्दा बीमाप्रति नागरिकको झनै वितृष्णा फैलिइरहेको हुन्छ। त्यसैगरी बीमा दाबी भुक्तानी गर्दासमेत कम्पनीले नियमानुसार गर्नुपर्ने कार्य समयमै नगरिदिने, दुःख दिने आदी कार्यहरू भइरहेका गुनासाहरू पनि आइरहेका हुन्छन्। यसतर्फ पनि सम्बन्धित सचेत हुन र व्यवहार परिवर्तन गर्न आवश्यक छ। बीमा नीति तर्जुमा गरी लागू गर्न, नेपाल सरकारको वित्तीय सुधार नीतिअनुरूप बीमालाई गाउँ गाउँमा पुऱ्याउने कार्यलाई साकार पार्न, स्थानीय सरकारसँग समन्वय गरी बीमाको विकासलाई तीव्ररूपमा अगाडी बढाउन, नेपाली बीमा बजारको वर्तमान स्थितिको जानकारी गराउन र बीमाको दायरा बढाउनमा समन्वय गर्न तथा बीमाको पहुँच बढाउन सरोकारवालाको ध्यानाकर्षण हुनु जरुरी छ।


## हाम्रो अनुरोध

हामीले प्रकाशित गरेका लेख, रचनामा प्रतिक्रिया जनाउन तथा आफ्ना साहित्यिक रचनाहरू प्रकाशित गर्न चाहनुहन्छ भने हामीलाई सम्पर्क गर्नुहोला ।

**महानन्द ढकाल**
साहित्यिक सम्पादक
सम्पर्क नं. ९८४८०१०६६
इमेलः missiontodaydaily@gmail.com

"सूचनामा तपाईंसँगको साझेदारी"
मिसन टुडे राष्ट्रिय दैनिक
www.missiontodaynews.com


# जेनजी आन्दोलनको कारण र समस्या समाधानका उपाय



गम्भीरबहादुर हाडा

**युवाले समयको पदचापलाई चिन्न सक्छन् र समयसँगसँगै हिँड्न पनि खोज्छन् । युवाको समयको पदचापलाई चिन्न सक्ने क्षमता र समयसँगसँगै हिँड्न खोज्ने चाहना र आकांक्षालाई राज्यले चिन्न वा बुझ्न नसक्नु त्यो राज्यको ठूलो कमजोरी हो । राज्यले युवाको फरक क्षमतालाई चिन्न नसक्दा र युवाको चाहना र आकांक्षालाई बुझ्न नसक्दा युवामनमा निराशा, कुण्ठा र विद्रोह उत्पन्न हुन्छ ।**

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो । ३० वर्षको पञ्चायती शासनको युग थियो । विसं २०४६ देखि २०६२-०६३ को आन्दोलनसम्म बहुदलीय व्यवस्थाको युग थियो । विसं २०६२-०६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ । हरेक युगलाई हेऱ्यो भने हरेक परिवर्तनलाई अध्ययन गऱ्यो भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ ।

त्यतिबेलाको परिवर्तन धेरै कठिन थियो । बोल्न, लेख्न पाईंदैनथ्यो । शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो । त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक/पाइलट बनेर अगाडि बढ्नुपर्दछ । २१औं शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो ।

अन्ततः २००७ सालमा राणाशाहीको अन्त्य र पूँजीवादी प्रजातन्त्रको सुरुवाती स्थापना भयो । त्यसयता २०३६, २०४६, २०५२-०६२, २०६२-०६३ का पटकपटकका आन्दोलन र विद्रोहले पूँजीवादी लोकतन्त्रकै विस्तार गरेका हुन्, जुन २०७२ को संविधान निर्माणमा बिट मारिएको थियो । लोकतन्त्र स्थापनाको पौने शताब्दी लामो यो पहिलो चक्रको समीक्षा गर्ने र नयाँ अध्यायको थालनी गर्ने दायित्व नवयुवासहित आजका राजनीतिकर्मीका काँधमा छ । नवनिर्माणको परिकल्पना बोकेका आँटिला, हिम्मतिला, उन्नत र समर्पित जोधाहा युवा अब नयाँ संगठन (पार्टी) निर्माणमा कटिबद्ध हुन आवश्यक छ ।

राष्ट्रिय युवा नीति २०८२ ले परिभाषित गरेको नयाँ परिभाषाअनुसार १८ देखि ३५ वर्षको उमेरलाई युवा भनिएको छ । यही नयाँ परिभाषाअनुसार देशको कूल जनसङ्ख्यामा ३१.६२ प्रतिशत अर्थात् ९२ लाख २० हजार ७ सय १२ युवा जनसङ्ख्या रहेको देखिन्छ । तर देश विकास र समृद्धिको सपना साकार पार्न आवश्यक ऊर्जाशील युवा जनसङ्ख्याको झन्डै ६० लाख अर्थात् ६५.० प्रतिशत युवा रोजगारीका लागि बिदेसिएको सरकारी तथ्यांक छ ।

यद्यपी बर्सेनि करिब ८ लाख युवा रोजगारीका लागि विदेसिइरहेका छन् भने शिक्षा आर्जनका लागि बर्सेनि एक लाखभन्दा बढीको सङ्ख्यामा संसारका विकसित मुलुक पुग्ने गरेका छन् । जसमध्ये धेरै उतै बस्छन् र थोरैमात्र स्वदेश फर्किन्छन् । देश विकास र निर्माणका लागि अत्यावश्यक ऊर्जाशील युवा जनशक्ति यसरी विदेसिनु देशकै दुर्भाग्य हो । देशका लागि अत्यावश्यक युवा जनशक्तिलाई स्वदेशमै रमाउने र स्वदेशमै कमाउने वातावरण सिर्जना गर्न नसक्नु दुर्भाग्य हो, विडम्बना हो ।

युवाले समयको पदचापलाई चिन्न सक्छन् र समयसँगसँगै हिँड्न पनि खोज्छन् । युवाको समयको पदचापलाई चिन्न सक्ने क्षमता र समयसँगसँगै हिँड्न खोज्ने चाहना र आकांक्षालाई राज्यले चिन्न वा बुझ्न नसक्नु त्यो राज्यको ठूलो कमजोरी हो । राज्यले युवाको फरक क्षमतालाई चिन्न नसक्दा र युवाको चाहना र आकांक्षालाई बुझ्न नसक्दा युवामनमा निराशा, कुण्ठा र विद्रोह उत्पन्न हुन्छ ।

त्यो निराशा, कुण्ठा र विद्रोह यथास्थितिवादी राज्यसत्ताका निम्ति घातक पनि हुन सक्छ । समयसमयमा युवा पुस्ताले गर्ने आन्दोलन र तिनले राज्यसत्तालाई पारेको प्रभावबाट यो तथ्य पुष्टि हुँदै आएको छ । नेपालमा पछिल्लो पटक भएको जेनजी आन्दोलनले यो तथ्यलाई थप पुष्टि गरेको छ । वर्तमान समयमा युवा र डिजिटल प्लेटफर्म एकअर्काको पर्यायजस्तै भएका छन् ।

नेपालमा रोजगारीको अवसर नहुँदा देशका खम्बाका रूपमा रहेका युवा पुस्ता दिनानुदिन खाडी मुलुकलगायत विदेश जान बाध्य छन् । कैयौं युवक, युवती बिहान-बेलुकाको छाक टार्नकै लागि आफ्नो परिवारसँग विछोड भई विदेश जान बाध्य छन् । यसको प्रमुख कारण बेरोजगारी नै हो । चुनावका समयमा युवालाई रोजगारी दिलाउने भनेर चर्को नारा र घोषणापत्र बनाउने दलका नेता सत्तामा पुगेपछि देश होइन, आफू र आफ्ना नातागोता मात्र कसरी सुखी र सम्पन्न हुने भन्नेमा ध्यान केन्द्रित गर्दा आजको परिणाम आएको हो ।

यस पटक युवा आन्दोलनबाटै निर्मित सरकारले नेपालमा बढ्दो बेरोजगारीको अन्त्य गर्न कदम चाल्नेमा युवा पुस्ता ढुक्क छ । जेनजी प्रदर्शनका क्रममा भड्किएको हिंसाका कारण कतिपय देशले कामदार भिसा नदिनेलगायतका घोषणा गरेका छन् । यसले अझ बढी युवा बेरोजगार बन्ने, रोजगारीका लागि विदेश जाने बाटोसमेत बन्द हुने र राजनीतिक पहुँचका आधारमा विभिन्न सरकारी निकायमा जागिर खाएका करिब १० हजार बेरोजगार हुने निश्चित छ । प्रदेश र स्थानीय सरकारको समन्वयमा युवालाई उद्यमी बनाउने कार्य महत्वपूर्ण कार्यभार सम्झेर अगाडि बढाउँदा थप युवालाई रोजगारमुखी बनाउन सकिन्छ ।

युवा पुस्तालाई रोजगारीका लागि प्रचुर सम्भावना रहेको उद्योग र कलकारखाना क्षेत्र पनि हो । हालसालै देशमा भएको जेनजी आन्दोलनले अझ निजी क्षेत्रको व्यवसाय र कतिपय उद्योगमा क्षति नै भएको भन्दै व्यवसायीहरू चिन्तित बनेका छन् यस्तो अवस्थामा ती व्यवसायीलाई निर्धक्क लगानीको वातावरण बनाउँदै नयाँ उद्योगको स्थापना, बन्द रहेका ठूला उद्योग र कलकारखानालाई खुलाउन तदारुकता देखाएमा युवालाई रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ । स्थानीयस्तरदेखि नै सानादेखि केन्द्रमा ठूला उद्योग सञ्चालनले रोजगारी बढाउन सकिन्छ । युवालाई स्थानीयस्तरमै दिन सकिने विभिन्न तालिमका अवसरसमेत प्रदान गरेर युवालाई प्राथमिकतामा राख्न सकिन्छ ।

अहिले जेनजी पुस्ताको नेतृत्वमा भएको भष्टाचारविरोधी आन्दोलनमा युवाको बलिदानीपछि सरकारको नेतृत्व परिवर्तन भएको छ । यो परिवर्तनसँगै आन्दोलनका विविध आयामका सपना छताछुल्ल भएर निकास खोजिरहेका छन् । यससँगै अहिलेको आन्दोलनको उठान र बैठानमा विगतमा नेतृत्व गरिरहेका राजनीतिक दलहरूका कमीकमजोरी मात्र जिम्मेवार छन् कि सामाजिक सञ्जालमा आए जस्तो र कतिपय अगुवा विश्लेषकले भने जस्तो अन्य भूराजनीतिक चाख अनुसारको चलखेल जिम्मेवार छ ? अथवा असन्तुष्ट समूहको स्वार्थले भूमिका खेलेको छ कि ? भन्ने विषय गम्भीर खोजीको विषय रहेको छ ।

अहिलेका युवाहरूले आफ्नै देशमा राम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन् । विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन् । सूचना र प्रविधिको उपयोग गर्न पाएका छन् । स्थल, जल र वायुयानको माध्यमद्वारा छिटोभन्दा छिटो यात्रा गर्न पाएको छन् । उनीहरू एक्काइसौं शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुझ्ने र बुझाउने राजनैतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता पर्दछ । आगामी पुस्ताको लागि, यो पुस्ताले नेतृत्व लिनैपर्दछ ।

नेपालको जेनजी पुस्ताले सडकमा ओर्लिएर भ्रष्टाचार र कुशासनविरुद्ध शान्तिपूर्णरूपमा आवाज बुलन्द गर्नुलाई जायज मान्न सकिन्छ । किनकि उनीहरू आफ्नो उर्वर समयलाई भ्रष्टाचार र कुशासनको दुश्चक्रबाट खेर जान दिन हुँदैन भन्नेमा सचेत रहेछन् । त्यो बाधा पन्छाउन अदम्य साहसी रहेछन् । वास्तवमा यो आन्दोलनले हामी अन्य उमेर समूहको चिन्तन प्रणालीलाई 'रिफर्म्याटिङ' गर्नसमेत महत्वपूर्ण पाठ सिकाएको छ । समय बलवान् छ । समयको यो बिन्दुमा आइपुग्दा समयले आफ्नो प्रलयकारी कालरूप बदलेर सृष्टि र सिर्जनाको स्वरूपमा प्रकट भएको छ ।

नेपालमा राज्य क्षमतामा असमानता र चुनौतीहरूको उत्पत्ति बहुआयामिक कारणहरूले व्याख्या गर्न सकिन्छ । ऐतिहासिक दृष्टिले नेपाल लामो समयसम्म केन्द्रीकृत शासनको अभ्यासमा थियो, जसका कारण ग्रामीण र पहाडी-हिमाली क्षेत्रहरूमा स्थानीय प्रशासन र सेवा वितरण कमजोर रह्यो । राजनीतिक अस्थिरता र गुटबन्दी प्रजातान्त्रिक लडाइँ तथा १० वर्षे माओवादी आन्दोलनले दीर्घकालीन - नीति निर्माण र कार्यान्वयनमा अवरोध उत्पन्न गरेको- हामीमाझ ताजै छन् ।

संघीय संरचनामा संक्रमण, अधिकार र स्रोतको अस्पष्टता, स्थानीय तह र केन्द्रबीच असमञ्जस्यता, जसले राज्य क्षमतामा कमी ल्याएको पनि स्पष्टै छ । संस्थागत र प्रशासनिक दृष्टिले नेपालमा भ्रष्टाचार, पारदर्शिताको कमी, निर्णय प्रक्रियामा अनियमितता र व्यक्तिगत स्वार्थले नीति कार्यान्वयनमा ढिलाइ र असफलता । निम्त्याएको छ । स्थानीय प्रशासनसँग प्रर्याप्त दक्ष जनशक्ति र प्रविधिको कमी छ भने आर्थिक स्रोतहरू असमानरूपमा वितरण भएका कारण सहरी क्षेत्र र प्रभावशाली समूहमा ध्यान केन्द्रित भएको छ । यी तत्वहरूले राज्य क्षमतामा दीर्घकालीन कमी ल्याएको कसैबाट छिप्दैन । यसरी नै सामाजिक-साँस्कृतिक कारणले पनि राज्य विफलतामा महत्वपूर्ण भूमिका खेलेको छ ।

रोजगारी र विकासमा आइटी, पर्यटन, कृषि र उत्पादनमा आधारित उद्योगहरूलाई प्राथमिकता दिन सकिन्छ । राजनीतिक भागबन्डा अन्त्य गरी मेरिट आधारित रोजगारी लागू गर्न सकिन्छ । युवा बेरोजगारी दर २० प्रतिशतभन्दा माथि रहेकाले युवा उद्यमशीलता कोष स्थापना गरी स्टार्टअप र स्किल ट्रेनिङमा लगानी बढाउनुपर्छ । यसले विदेश पलायन रोक्छ । नेपालको जीडीपीमा रेमिट्यान्सको ३३ प्रतिशत योगदान छ, जसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिन्छ । उदाहरणस्वरूप भारत र चीनबाट प्रविधि हस्तान्तरण गरी आइटी पार्कहरू स्थापना गर्न सकिन्छ । पर्यटनमा इको टुरिजम र एडभेन्चर स्पोर्ट्सलाई प्रोत्साहन दिई लाखौं रोजगारी सिर्जना हुनेछ । कृषिमा आधुनिक प्रविधि अपनाए जैविक उत्पादन बढाउँदा निर्यात बढ्छ ।

नेपालको भविष्य युवाकेन्द्रित, सुशासनमा आधारित र समावेशी हुनुपर्छ । जेनजी आन्दोलनले पुराना नेतृत्वको एकलौटी अन्त्य गर्दै युवाको सहभागिता बढाउनुपर्छ । कम खर्चिलो निर्वाचनमार्फत युवा र महिलाहरूलाई प्रतिनिधित्व दिने । भ्रष्टाचार रोक्न कानुन कडाइका साथ लागू गर्ने । जनमत संग्रहमार्फत हिन्दु राष्ट्रजस्ता मुद्दा समाधान गर्न सकिन्छ । यसले स्थिर सरकार सुनिश्चित गर्छ । युवा पलायन रोक्न आइटी हब, पर्यटन, जलविद्युत्मा लगानी बढाउने ।

छिमेकीहरूसँग कूटनीतिक सम्बन्ध मजबुत गरी फाइदा लिने । रेमिट्यान्सलाई विकासमा लगानी गर्ने योजना बनाउने । प्रदेश विकास तथा व्यवस्थापन प्राधिकरण लागू गरी विकेन्द्रीकरण प्रभावकारी बनाउने । स्थानीय तहलाई बलियो बनाएर केन्द्रीय बोझ कम गर्ने । शिक्षा, स्वास्थ्य, कृषिमा लगानी बढाउँदै युवालाई सशक्त तुल्याउने । डिजिटल प्लेटफर्ममार्फत जनसहभागिता बढाउने । विश्वका नेपाली युवालाई आकर्षित गर्ने योजना कार्यान्वयन गर्ने । यसले नेपाल समृद्ध बनाउँछ । जेनजी र पुराना पुस्ताबीच संवाद आवश्यक छ ।

युवा पलायनका कारणहरूमा खास गरेर आर्थिक, सामाजिक र राजनीतिक कारणहरू मुख्यरूपमा जोडिएको पाइन्छ । लामो समयदेखिको राजनीतिक अस्थिरता र नीतिगत अन्योलताले देशभित्र लगानीको वातावरण सिर्जना हुन सकेको छैन । युवाहरूको विश्वास राजनीतिक प्रणालीप्रति घट्दै गएको छ । उनीहरूलाई लाग्छ, नेपालमा अवसर खोज्नुभन्दा विदेश जानु नै उचित विकल्प हो । नेपालमा रोजगारीका अवसर सीमित छन् ।

कृषिमा आधारित अर्थतन्त्र र औद्योगिक विकासको कमीले गर्दा युवाहरू विदेश जान बाध्य भएका छन् । खाडी देश र मलेसियाजस्ता देशहरूमा शारीरिक श्रममार्फत रोजगारी खोज्ने क्रम अत्यधिक छ । नेपालको शैक्षिक प्रणाली रोजगारमुखी छैन । प्रविधि, व्यवसाय र उद्यमशीलतालाई प्राथमिकता दिने शिक्षाको अभावमा युवाहरूले विदेशमा गुणस्तरीय शिक्षा र उज्ज्वल भविष्यको खोजी गरिरहेका छन् । नेपाली समाजमा विदेश जाने, राम्रो आम्दानी गर्ने परिवारलाई आर्थिक सहयोग गर्ने मानसिकता गहिरो छ । सामाजिक प्रतिष्ठासँग विदेशमा कमाइ जोडिने भएकाले पनि युवाहरूको विदेश मोह बढेको छ ।

तीस वर्षको अवधिमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या ५९ लाख ६९ हजार रहेको सरकारको आर्थिक सर्वेक्षणमा उल्लेख छ । पुरुष ९३.८ प्रतिशत र महिला ६.२ प्रतिशतले विदेशलाई नै गरिखाने माध्यम बनाएका छन् । नेपालबाट बाहिरिने अदक्ष र अर्धदक्ष कामदारको लागि यूएई, साउदी अरब, कतारलगायतका खाडी मुलुक प्रमुख गन्तव्य हुन् ।

सरकारी तथ्यांकअनुसार गत आर्थिक वर्षमा ९ लाख ३९ हजार नेपालीले श्रम स्वीकृति लिएकामा २ लाख ६४ हजार युएई गएका थिए । बाह्य मुलुक तीव्र गतिमा विकासतर्फ अग्रसर भइरहेकाले आप्रवासी कामदारलाई उनीहरू सस्तो ज्यालामा सजिलै श्रम स्वीकृति दिन्छन् र निर्माण-काममा लगाउँछन् । पर्याप्त अवसर र आकर्षक ज्यालाले नेपालीहरू घरेलु श्रम, सुरक्षा, सफाइजस्ता क्षेत्रका जोखिमपूर्ण काममा समेत होमिन्छन् । आवश्यक सीप, दक्षता र व्यावसायिक योग्यतो नभएकाले नेपालीले सुरक्षित, मर्यादित रोजगारी पाउन सकेका छैनन् ।

नेपालमा आवश्यक भएको केवल नयाँ दल होइन, नयाँ संस्कार र सोच पनि हो । वैकल्पिक दल भन्नासाथ केवल 'पुरानाको विरोध' होइन, 'नयाँ व्यवस्थाको निर्माण' पनि हुनुपर्छ । त्यसका लागि आजको सन्दर्भमा एउटा ठूलो राजनीतिक पुनर्संरचना आवश्यक छ, रास्वपा, बालेन शाह र उनको टिम, जेनजी आन्दोलन र त्यसपछि उदाएका युवा नेताहरू, कुलमान घिसिङ, सुदन गुरुङलगायत देशभक्त र इमानदार पात्रहरू, साथै पुराना दलका अवसर नपाएका योग्य र सक्षम नेताहरू, यी सबै एकै ठाउँमा आउन जरुरी छ ।

यस्ता विविध स्रोत र दृष्टिकोणलाई मिलाएर मात्रै जनताले खोजेको आशालाग्दो वैकल्पिक दस्ता निर्माण गर्न सकिन्छ, जहाँ नीति स्पष्ट होस्, लक्ष्य ठोस होस् र राष्ट्र निर्माणको खाका व्यावहारिक होस् । पुराना दलभित्र पनि रूपान्तरणको सम्भावना बाँकी छ । गगन थापा, विश्वप्रकाश शर्माजस्ता नेताले यदि काँग्रेसलाई संस्थागत सुधारको बाटोमा लैजान सके भने त्यो पनि एउटा बलियो वैकल्पिक ध्रुव बन्न सक्छ । त्यस्तै, वाम राजनीति पनि अब 'नेता होइन, विचार'मा केन्द्रित हुनुपर्छ । कम्युनिस्ट आन्दोलनभित्रका सिद्धान्तमा आस्था राख्ने तर व्यवहारमा साँच्चिकै जनमुखी र पारदर्शी नेताहरूले एक विचारशील, जिम्मेवार र लोकतान्त्रिक वाम ध्रुव निर्माण गर्न सक्छन् ।

सार्वजनिक सेवा प्रवाहमा सुधार हुन सकेको छैन । आमनागरिकसँग राज्यले घर जग्गा कारोबार कर, भूमि कर, सम्पत्ति कर, घर बहाल कर, सवारी कर, व्यवसाय कर, मनोरञ्जन करलगायका अन्य कर असुली गरिरहेको छ । जनताले तिरको करबाट देश चलिरहेको हुँदा अब सार्वजनिक सेवा प्रवाहमा पनि सुधार गर्नुपर्ने देखिएको छ । सेवाप्रवाह चुस्त बनाउन कर्मचारीलाई दिइने प्रशिक्षणले आफ्नो कर्तव्यमा सूचित भई निर्णय प्रक्रियामा सहभागिता बढाउन सहयोग पुऱ्याउँछ । यसले कर्मचारीको कार्यसम्पादनमा वृद्धि गराउँछ ।

वर्तमान समय निजी क्षेत्रका असल व्यवस्थापकीय अभ्यासको आन्तरिकीकरण, नागरिक/सेवाग्राही केन्द्रित सेवा, सेवाको उत्पादन, वितरण र नीति निर्माणमा क्रमशः सहउत्पादन र सहनिर्माणको क्रमबद्ध विकास हुँदै वर्तमान समयमा कृत्रिम बौद्धिकताको माध्यमबाट सेवाप्रवाह हुनेसम्मको परिवर्तन सम्मुख छ । यो समग्र अवस्था विश्व सन्दर्भ हो तर नेपालको सन्दर्भ केही नौलो छ । नौलो हुनुको कारण विश्व सन्दर्भभन्दा अझ फरक सेवाको उत्पादन र वितरण हुनुपर्नेमा कार्यान्वयन पक्षको कमजोरी रहेको छ ।

*(अधिवक्तासमेत रहेका हाडा भक्तपुर बहुमुखी क्याम्पस अर्थशास्त्र विभागका अवकासप्राप्त सहप्राध्यापक हुन् ।)*

# चिसोले खुला चौरमै पठनपाठन



मिसन संवाददाता
*हुम्ला, ११ मंसिर*

जिल्लामा अत्यधिक चिसो बढ्दै गएपछि सिमकोट गाउँपालिका-८ साँता गाउँमा रहेको बलभद्र आधारभूत विद्यालयका विद्यार्थीलाई खुला चौरमै राखेर पढाउन थालिएको छ। दिउँसोको समयमा पनि यहाँका विद्यार्थीहरू खुला चौरमै बसेर पठनपाठन गर्दै आएका छन्। जिल्लाको तापक्रम माइनसमा झरेसँगै चिसो अत्यधिक बढेको छ। चिसो बढेपछि बालविकास र कक्षा एकका विद्यार्थीहरू कक्षा कोठाभित्र बस्न नै नसक्ने अवस्थामा रहेको विद्यालयकी प्रधानाध्यापक प्रेमकला बुढाले बताइन्।

'मंसिर महिना लागेदेखि चिसो एक्कासी बढे छ। विद्यार्थीलाई घाम ताप्दै सहज रूपमा सिकाइ गर्न सकियोस् भन्ने उद्देश्यले खुला स्थानमै नियमित कक्षा सञ्चालन भइरहेको छन्,' उनले भनिन्, 'चिसोका कारण साना कक्षाका विद्यार्थी कक्षाकोठामा बस्न नसक्ने अवस्थामा छन्। त्यसैले खुला चौरमै भएपनि पठनपाठन सुरु गरिरहेको छौं।'

उनका अनुसार विशेषगरी बालविकास र कक्षा १ का विद्यार्थीलाई घाम ताप्दै पढ्ने व्यवस्था मिलाइएको छ। जिल्लाको बलभद्र आधारभूत विद्यालय मात्रै नभएर हुम्लाका तीन दर्जनभन्दा बढी विद्यालयले अत्यधिक चिसोको कारण कक्षाकोठामा बसेर पढ्न कठिन भएपछि चौरमा पठनपाठन सञ्चालन गर्न गर्दै आएका हुन्।

यस्तै जिल्लाको नाम्खा गाउँपालिका-६ स्थित हिमालपारीको गाउँ लिमीको सुनखानी आधारभूत विद्यालयले पनि चिसोले कक्षाभित्र पढाउन नसकिएको जनाएको छ। उक्त विद्यालयमा कार्यरत शिक्षक बिकुल तामाङका अनुसार विद्यालय भवनभित्र बस्न नसकिए पनि विद्यालयकै हातामा कक्षा सञ्चालन भइरहेका छन्। कक्षा ८ सम्मका सबै विद्यार्थी खुला स्थानमै पढ्न बाध्य रहेको उनको भनाइ छ।

जिल्लाको सर्केगार्ड गाउँपालिका-२ र ३ स्थित लालिगुराँस माध्यमिक विद्यालय लिप्नेका विद्यार्थी पनि चौरमै बसेर पढ्दै आएका छन्। विद्यालय कर्णाली नदी किनारमा भएकाले बिहान ११ बजेपछि घाम नलाग्ने अवस्थामा छ। विद्यालयमा अत्यधिक चिसो हुन थालेपछि खुला चौरमै कक्षा सञ्चालन गर्नुपरेको विद्यालयका प्रधानाध्यापक काली महताराले बताइन्।

बादल लागेको दिन आगो ताप्दै पढाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ। खार्पुनाथ गाउँपालिका-५ स्थित ताक्ला गाउँको बागेश्वरी आधारभूत विद्यालयमा पनि चिसोका कारण चौरमै पढाइ हुने गरेको स्थानीय औंशी बुमीले बताइन्। विद्यालय क्षेत्रमा दिनमा दुईपटक मात्र घाम लाग्ने भएकाले कक्षाकोठाभित्र बस्न कठिन हुने उनको भनाइ छ।

शिक्षा विकास तथा समन्वय इकाईका अनुसार जिल्लाका सातवटै स्थानीय तहमा रहेका गरी तीन दर्जनभन्दा बढी विद्यालयमा यस्तो अवस्था सिर्जना भएको छ। यस वर्ष हिउँ नपर्दै चिसो तीव्र बढेका कारण तापक्रम माइनसमा झरेपछि विद्यार्थीलाई सुरक्षित वातावरणमा सिकाइ निरन्तरता दिन चौरमै कक्षा सञ्चालन गरिएको हो।

जिल्लाका सबै विद्यालयमा यो महिनाभर पठनपाठन नियमित रूपमा सञ्चालन हुनेछ भने पुस महिनादेखि मिन पचास (४५) दिन यहाँका विद्यालय बन्द हुने शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ।

बारबर्दिया नगरपालिका
BARBARDIYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
जयनगर, बर्दिया
JAYNAGAR, BARDIYA
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

**प्राविधिक प्रस्तावबाट छनौट भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति: २०८२।०८।१० गते**


यस कार्यालयबाट चालु आ व मा प्रकाशित सुचना अनुसारको तपशिलका कार्यमा पेश भएका प्राविधिक प्रस्तावहरू खोली प्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३, र २५ तथा सार्वजनिक खरिद नियमानवली २०६४ को नियम ६०, ६१, ६२, ६३ र ६५ बमोजिम प्राविधिक पक्षको मुल्याङ्कन गरी योग्यताका सबै आधारमा पुर्ण देहाय बमोजिमका तपशिलका रित पुगेका र सारभुत रूपमा प्रभावग्राही रहेका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२।०८।१९ गते दिनको १.०० बजे बारबर्दिया नगरपालिका कार्यालयमा खोलिने भएको हुँदा उपस्थित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | बोलपत्र ठेक्का नं. | पुर्ण बोलपत्रदाताहरु |
|---|---|---|
| १. | 07/BMO/NCB/W/2082-83 | डेविट निर्माण सेवा, कोहलपुर-३, बाँके |
| २. | | KLC–KNA JV, नेपालगञ्ज-२, बाँके |
| ३. | | एन ए सी/कन्काई जे भी, नेपालगञ्ज, बाँके |
| ४. | | आर आर-जालपा जे भी उत्तरगया-५ रसुवा |
| ५. | | लालिगुराँस/जी जे एस जे भी, गुलरिया ५ बर्दिया |
| ६. | | जयबागेश्वरी निर्माण सेवा, गुलरिया -५ बर्दिया |

**प्रमुख प्रशासकीय अधिकृत**

# आगलागीबाट पूर्णरूपमा घर क्षति



मिसन संवाददाता
*जुम्ला, ११ मंसिर*

जिल्लाको सिंजा गाउँपालिका-६ काँडागाउँमा बिहीबार बिहान भएको आगलागीबाट एक स्थानीयको नौ कोठाको आवासीय घर जलेर पूर्णरूपमा क्षति भएको छ। स्थानीय मनविरा बुढाको दुईतले कच्ची घरमा आगो लागेको हो।

आगलागी भएको केही मिनेटमै घरभरी आगो फैलिएको स्थानीयले बताएका छन्। प्रहरी चौकी नराकोटका अनुसार खाना पकाउने क्रममा चुलोको धुवाँ बाहिर निकाल्न प्रयोग हुने चिम्नीमा आगो सल्किएको थियो।

आगो अचानक घरको दोस्रो तलासम्म सरेपछि घटनाले ठूलो रूप लिएको हो। काठ, ढुङ्गा र माटोको संरचनामा बनेको घर भएकाले पनि द्रुत गतिमा आगो फैलिएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ। आगलागी हुनेबित्तिकै स्थानीयवासी र प्रहरीको संयुक्त प्रयासमा आगो नियन्त्रणमा लिइएको हो।

तर आगलागीको तीव्रताका कारण घरभित्र रहेका सामग्री जोगाउन भने नसकिएको स्थानीयले बताएका छन्। आगलागीबाट भएको जम्मा भौतिक क्षतिको पूर्णविवरण संकलनको प्रक्रिया जारी रहेको छ। पीडित मनविरा बुढाका अनुसार प्रहरीले घटनास्थलमा टोली खटाइ आवश्यक सहयोग र क्षतिको मूल्यांकन सुरु गरेको छ।

**सूचना ! सूचना ! सूचना !**

यस महासंघको नवौं जिल्ला अधिवेशन तथा १७ औं बार्षिक साधारणसभा मिति २०८२।०९।०५ गते सम्पन्न गर्नका लागि मिति २०८२।६।६ गतेको १६औं नियमित बैठकको निर्णय अनुसार यही मंसिर २९ सम्म आ-आफ्ना पुस्तक तथा स्टेशनरीका सम्पूर्ण फर्महरु नविकरण गरिदिनुहुन सादर अनुरोध छ।

***सम्पर्क व्यक्ति*** : प्रथम उपाध्यक्ष - दिनेश रिमाल ९८५८०४५४६०
***कोषाध्यक्ष*** : सविन - लुइँटेल नेपालगन्ज ९८५८०४६६७५
***कोहलपुर*** : सदस्य - हिरालाल न्यौपाने ९८५८०२५९८९
***खजुरा*** : सदस्य - मिरा सापकोटा ९८४८०२९९५६

***सचिव***

**नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ**
**जिल्ला शाखा बाँके परिवार**

**डिभिजन वन कार्यालय सुर्खेतको काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/१२ गते**

यस डिभिजन वन कार्यालय सुर्खेतको कार्यक्षेत्र अन्तर्गत रहेका विभिन्न क्षेत्रहरुबाट नियमानुसार उत्पादन भई विभिन्न लटमा राखिएका विभिन्न जातको गोलिया काठ २२०३.२९ क्यू. फिट काठ र ६.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकाले वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काठ व्यवसायीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र डिभिजन वन कार्यालय सुर्खेत वा प्रदेश वन निर्देशनालय, सुर्खेतबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औ दिनको दिउँसो १२ बजे भित्र दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सार्वजनिक सूचना प्रथम पटक प्रकाशित गरिएको छ। थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाँटीमा टाँस गरिएको र कार्यालयको website मा समेत राखिएको व्यहोरा अनुरोध गरिन्छ।

Shivalaya Rural Municipality
Office of Rural Municipal Executive
Sima, Jajarkot
Karnali Province, Nepal

**Invitation for Electronic Bids**

**(First Date of Publication : 2082/08/12)**

1. Shivalaya Rural Municipality, Sima, Jajarkot Invites Following Electronic Bids From Eligible National Bidders Under National Competitive Bidding/Sealed Quotation.
2. The Detail Of The Project Is As Following:

| S. N. | Description | Contract ID | Estimated Amount (Including VAT and Including PS) | Bid Security | Bid Document Form Fee (Non-Refundable) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | Upgrading Of Chandra Jyoti Aa.Bi Dekhi Thanwada Hudai Chinekamda Road Project, Shivalaya R.M-07, Jajarkot (LISP) | SRM/NCB/WORKS/2082/083-03 | NRs. 4478744.99 | NRs. 1,12,000.00 | NRs. 3000.00 | 2082/09/13, 12:00 PM | 2082/09/13, 01:00 PM |
| 2 | Procurement , Supply And Delivery OF Construction Material For Bhampa Aale Road Upgrading Project (LISP) Shivalaya-1, Jajarkot | SRM/SQ/GOODS/2082/083-02 | NRs. 1172083.33 | NRs. 35,000.00 | NRs. 1000.00 | 2082/08/28 12:00 PM | 2082/08/28 1:00 PM |
| 3 | Procurement , Supply And Delivery OF Construction Material For Kalyana Chiudwa Road Upgrading Project (LISP) Shivalaya-5, Jajarkot | SRM/SQ/GOODS/2082/083-03 | NRs. 1108708.69 | NRs. 30,000.00 | NRs. 1000.00 | 2082/08/28 12:00 PM | 2082/08/28 1:00 PM |
| 4 | Procurement , Supply And Delivery OF Construction Material For Tuni Dekhi Lahare Irrigation Project (LISP) Shivalaya-6, Jajarkot | GOODS/2082/083-04 | NRs. 1732242.53 | NRs. 45,000.00 | NRs. 1000.00 | 2082/08/28 12:00 PM | 2082/08/28 1:00 PM |
| 5 | Procurement , Supply And Delivery OF Construction Material For Mailtada Lispani Road Upgrading Project (LISP) Shivalaya-8, Jajarkot | GOODS/2082/083-05 | NRs. 1104313.01 | NRs. 30,000.00 | NRs. 1000.00 | 2082/08/28 12:00 PM | 2082/08/28 1:00 PM |
| 6 | Procurement , Supply And Delivery Of Construction Material For Baluwa Badakada Road Upgrading Project (LISP) Shivalaya-9, Jajarkot | GOODS/2082/083-06 | NRs. 1181315.93 | NRs. 30,000.00 | NRs. 1000.00 | 2082/08/28 12:00 PM | 2082/08/28 1:00 PM |

| | |
|---|---|
| **Bid Security Validity Period** | 30 Days beyond the bid validity period |
| **Account No. for Bid Document Purchase Fee** | Himalayan Bank Ltd., Shivalaya, Jajarkot branch Account Name/No. :SHIVALAYA GA- 1.1 AANTARIK RAJASWA KHATA/ **12051974250038** |
| **Account No. for Bid Security Deposit** | The Bidders shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Himalayan Bank Ltd., Shivalaya, Jajarkot branch Account Name/No. : SHIVALAYA GA-3 STHANIYA DHARAUTI KHATA/ **12051974250027** |

3. Eligible Bidder May Contact Office and Obtain Further Information From PPMO's Website; www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# सुदूर र कर्णालीमा छैन सामाजिक सुरक्षा कोषको कार्यालय

**शेरबहादुर ऐर**
*कैलाली, ११ मंसिर*

सामाजिक सुरक्षा कोष गठन भएर सात वर्ष पूरा भई आठौँ वर्षमा प्रवेश गरिसक्दा पनि सुदूरपश्चिम र कर्णाली प्रदेशमा यसको कार्यालय स्थापना हुन सकेको छैन । कार्यालय नहुनु यहाँका रोजगारदाता, श्रमिक र योगदानकर्ताका लागि प्रमुख चुनौती बनेको सरोकारवालाले बताएका छन् ।

बिहीबार धनगढीमा सामाजिक सुरक्षा कोषको सहकार्य र सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयको आयोजनामा सम्पन्न स्थापना दिवसको अवसरमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सहभागिहरूले प्रदेशमा कार्यालय अभावले सेवा-सुविधा पहुँचयोग्य नबनेको, जानकारी अभाव बढेको र सामाजिक सुरक्षा कार्यक्रम अपेक्षित रूपमा संस्थागत हुन नसकेको तर्क प्रस्तुत गरे ।

उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश समितिका कार्यकारी निर्देशक ज्योति भट्टले धनगढीमा कार्यालय खोल्न सात वर्षदेखि सुझाव दिँदै आए पनि कोषले कहिल्यै गम्भीरता नदेखाएको आरोप लगाए । उनका अनुसार सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाता तथा श्रमिकलाई सानो-ठूलो समस्या पर्दा नजिकै सम्पर्क कार्यालय नहुँदा उनीहरू नेपालगन्ज धाउन बाध्य छन् । 'यहाँ कार्यालय नहुँदा रोजगारदाता र योगदानकर्तालाई कोषसम्बन्धी कुनै समस्या आयो भने नेपालगन्ज जानबाहेक विकल्प हुँदैन,' भट्टले भने, 'यदि धनगढीमै कार्यालय बस्थ्यो भने सेवाग्राहीको समय, खर्च र प्रयत्न सबै बँच्थ्यो । कोषले यसतर्फ चासो देखाउनु पर्छ ।'

भट्टका अनुसार सुदूरपश्चिम र कर्णालीका धेरै उद्योग, व्यवसाय र संस्थाले सामाजिक सुरक्षा कोषमा आबद्धता लिएको भए पनि दूरदराजका कारण नियमित समन्वय र परामर्श गर्न कठिनाइ भइरहेको छ । 'प्रदेशमा कार्यालय परेपछि कार्यक्रमको विस्तार मात्र होइन, अनुगमन र कार्यान्वयन पनि सहज हुन्थ्यो,' उनले भने ।

ट्रेड युनियन कर्मचारी संघका प्रतिनिधि ज्ञानेन्द्र शाहले सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन सबै कम्पनीलाई अनिवार्यरूपमा कोषको पहुँचभित्र ल्याउनुपर्ने बताए । उनका अनुसार धेरै संस्थाहरूले अहिले पनि कोषमा आबद्धता लिन टारमटार गर्ने, श्रमिकहरूको विवरण नदिने र योगदान भुक्तानीमा ढिलाइ गर्ने गरेका छन् ।

'कोषमा आबद्ध नहुने कम्पनीहरूको दर्ता तथा नवीकरण प्रक्रिया रोक्ने नीतिगत व्यवस्था गर्नुपर्छ । जबसम्म यस्तो कडाइ हुँदैन, कार्यक्रम कागजमै सीमित हुन्छ,' शाहले टिप्पणी गरे । उनका अनुसार श्रमिकको जीवन र रोजगार सुरक्षासँग जोडिएको कार्यक्रमलाई सरकार तथा सम्बन्धित निकायले प्राथमिकतासाथ प्रवर्द्धन गर्न जरुरी छ । 'कोषले पनि जनचेतना, अभिमुखीकरण र अनुगमनमा सक्रियता बढाउनु पर्छ,' उनले भने ।

कार्यक्रममा सहभागी युएनएफपिएका प्रतिनिधि प्रकाश आचार्यले संघीय सरकारले सात वर्षअघि 'देशको मुहार फेर्ने कार्यक्रम' भन्दै सामाजिक सुरक्षा कोषको ठूलो प्रचार-प्रसारसहित उद्घाटन गरे पनि अहिले यो कार्यक्रम स्थानीय तहभन्दा संघमै बढी सीमित जस्तो देखिएको टिप्पणी गरे । 'प्रदेश र स्थानीय तहको आवद्धता नदेखिँदा कार्यक्रम परिणाममुखी हुन सकेको छैन् । सामाजिक सुरक्षा स्थानीय तहमै कार्यान्वयन हुने कार्यक्रम हो, तर जिम्मेवारीको स्पष्टता र सहकार्यको अभावले यसले गति लिन सकेको छैन,' आचार्यले भने ।

उनका अनुसार तीन तहको सरकारबीचको सहकार्य र समन्वयले मात्र सामाजिक सुरक्षा कार्यक्रमलाई सबै वर्ग, समुदाय र भूगोलसम्म पुऱ्याउन सकिन्छ । 'केन्द्रबाट नीति, प्रदेशबाट व्यवस्थापन र स्थानीय तहबाट कार्यान्वयनको भूमिकालाई स्पष्टरूपमा सक्रिय बनाउनुपर्छ,' उनले सुझाए ।



स्थानीय प्रतिनिधि पञ्चराम चौधरीले वैदेशिक रोजगारीको क्रममा सामाजिक सुरक्षा कोषमा अनिवार्यरूपमा आबद्ध हुनुपर्ने व्यवस्था भए पनि यसको निरन्तरता र व्यवस्थापनमा कोषले प्रभावकारी रणनीति नपुऱ्याएको बताए । 'देशभित्र बेरोजगार भएर विदेश जान बाध्य हुने धेरै युवा कोषमा समावेश हुन्छन्, तर विदेश पुगेपछि निरन्तरता दिने व्यवस्थागत तयारी छैन,' उनले भने ।

विशेषगरी भारतमा रोजगारी गर्ने सुदूरपश्चिमका श्रमिक सबैभन्दा ठूलो समूह भए पनि उनीहरूको कुनै तथ्यांक सरकारी निकायसँग नभएको उनले उल्लेख गरे । 'भारतमा रहेका श्रमिकलाई कार्यक्रमको दायरामा ल्याउने उपाय कोषले खोजेको देखिँदैन,' चौधरीले भने ।

सामाजिक विकास राज्यमन्त्री सरस्वती खडकाले कार्यालय स्थापना, कार्यक्रम विस्तार र जनचेतना अभिवृद्धिमा चुनौती रहँदै आएको र दिवसको दिनमा मात्र कार्यक्रमलाई स्मरण गर्ने प्रवृत्तिले सामाजिक सुरक्षाजस्ता दीर्घकालीन योजनाहरू प्रभावकारी नदेखिने बताइन् ।

उनका अनुसार सरकारले सामाजिक सुरक्षा कोषमा ठूलो लगानी र अपेक्षा राखे पनि रोजगारदाता र योगदानकर्ताको पर्याप्त सहभागिता नहुँदा कार्यक्रमको प्रभाव कम देखिएको छ । 'कोष स्थापना हुँदैमा मात्र पर्याप्त हुँदैन । यसको कार्यान्वयनमा सबै सरोकारवाला समान रूपमा जिम्मेवार हुनुपर्छ,' राज्यमन्त्री खड्काले भनिन् ।

सामाजिक सुरक्षा कोषका अनुसार सुदूरपश्चिम प्रदेशमा मंसिर १० गतेसम्म जम्मा तीन सय ६४ रोजगारदाता र चार हजार एक सय ८४ योगदानकर्ता मात्र सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । प्रदेशको जनसङ्ख्या र श्रमशक्ति अनुपातका आधारमा हेर्दा यो सङ्ख्या निकै न्यून रहेको सरोकारवालाको भनाइ छ ।

उनीहरूका अनुसार प्रदेशमा कार्यालय स्थापना, नियमित अनुगमन, जनचेतना अभिवृद्धि र वैदेशिक रोजगारीमा गएकाहरूका लागि छुट्टै व्यवस्थापन नगरेसम्म सामाजिक सुरक्षा कोषले अपेक्षित सफलता प्राप्त गर्न सक्दैन ।

अन्तर्क्रिया कार्यक्रममा सहभागी सरोकारवालाका निष्कर्ष एउटै बिन्दुमा केन्द्रित थिए । सामाजिक सुरक्षा कोषलाई देशव्यापीरूपमा प्रभावकारी बनाउन प्रदेशस्तरीय संरचना, सरकारी सहकार्य, कडाइपूर्ण नीति र श्रमिक-अनुकूल प्रणाली अपरिहार्य छ । सात वर्षदेखि सुदूरपश्चिम र कर्णालीलाई कार्यालयविहीन राख्नु कार्यक्रम विस्तारमा मुख्य बाधक भएको उनीहरूको भनाइ थियो ।

## बजेट नहुँदा अस्पताल सञ्चालनमा अन्योल

**कैलाली ।** कैलालीको कैलारी गाउँपालिका-५ बैजपुरमा विशेषज्ञ सेवासहित १५ शय्याको आधारभूत अस्पताल सञ्चालन गर्न नौ महिनाअघि भवन निर्माण गरिए पनि अस्पताल सञ्चालन हुन सकेको छैन । संघीय सरकारको १९ करोड पाँच लाख ७० हजार रूपैयाँको लागतमा गत फागुनमा भवन निर्माणको काम सकिएको थियो ।

भवन बने पनि अस्पताल सञ्चालनका लागि अहिलेसम्म कुनै तयारी छैन । भवनमा ताला लगाइएको छ । बजेट नहुँदा अस्पताल सञ्चालनको प्रक्रिया अगाडि बढाउन नसकिएको गाउँपालिका कार्यालयले जनाएको छ । कैलारी गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख नरेशकुमार चौधरीले गाउँपालिकाले आफ्नो स्रोतबाट अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको बताए ।

'शून्यबाट सुरु गर्नुपर्ने भएकाले उपकरण खरिद गर्न सुरुमै पाँच करोड चाहिन्छ । कर्मचारीको तलबमा वर्षमा तीन करोड खर्च हुन्छ,' चौधरीले भने, 'त्यति बजेट खर्च गर्न गाउँपालिकाले धान्दैन । अस्पताल सञ्चालनका लागि बजेट दिन संघीय सरकारलाई दुई पटक पत्राचार गरेका छौँ, अहिलेसम्म बजेट भने आइसकेको छैन ।'

चालू आर्थिक वर्षको बजेट निर्माणकै क्रममा प्रदेश सरकारसँग पनि उपकरण खरिदका लागि बजेट विनियोजनको माग गरेको उनले बताए । निर्माण कम्पनी राजेन्द्र जेभीले दुई वर्ष लगाएर गत फागुनमा भवन निर्माणको काम सम्पन्न गरे पनि भुक्तानीमा ढिलाइ हुँदा गाउँपालिकालाई असारमा हस्तान्तरण गरेको थियो । करिब चार वर्षअघि अर्को विद्यालयमा गाभिएको स्थानीय सर्वोदय आधारभूत विद्यालयको नाममा रहेको १६ कठ्ठा जमिनमा अस्पताल भवन निर्माण गरिएको छ ।

पालिकाभरि आधारभूत तहको अस्पताल नरहेको कैलारीमा यो अस्पताल सञ्चालनमा आए उपचार सेवामा केही सहज हुने स्थानीयले आशा गरेका छन् । स्वास्थ्य शाखा प्रमुख चौधरीका अनुसार आधारभूत अस्पतालमा नवौँ तहका डाक्टर अस्पताल प्रमुख, दुई जना मेडिकल अधिकृतसहित २९ जनाको दरबन्दी रहने भनिएको छ ।


**Panchadewal Binayak Municipality**
**Office Of municipal Executive**
**Binayak, Achham**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bid**

**Date of First publication: 2082/08/12 (28 Nov, 2025)**

1. Panchadewal Binayak Municipality, Achham invites sealed or electronic quotation from Nepalese eligible bidders for the following goods under National Competitive Bidding procedures under following conditions. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.
2. Bank Account Details For Revenue (Rajaswa) & Bid Security Amount :

**Name of the Bank:** Machhapuchhre Bank | **Name of Office:** Panchadewal Binayak Mun.
**Office Code no. :** 6936511 | **Dharauti Account no.:** 0730065293600061
**Rajaswa (revenue) Account no. :** 0730065293600051

**Followings :**

| S. N. | Contract ID | Details of Work | Last Date of Bid Submission | Bid Opening Date | Estimated Cost In NRs (Without VAT and PS) | Bid Security Amount In NRS | Bid Fee In NRS |
|---|---|---|---|---|---|---|---|
| 1. | PBM/NCB/ 2082-083/G/04 | Procurement of Sports Tools | 2082/08/28 (14 Dec. 2025) on or before 12:00 Hours | 2082/08/28 ( 14 Dec. 2025 ) on 14:00 Hours | 12,29,500 | 33,000/- | 3000/- |

**Chief Administrative Officer**

**Bijaynagar Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khuruhuriya, Kapilvastu**
**Lumbini Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication:28th Nov., 2025 (2082/08/12)**

The Bijaynagar Rural Municipality has received funds to cover eligible payment under the Contract for the contracts named below.

| S N | IFB No./Works | Estimated Amount (Excluding Contigencies NRs) | Bid Security Amount (Nrs.) | Bid Security Validity Periods | Bid Doc. Fee | Avg. Annual Construction Turnover | Bid Capacity | Financial Resources | Bidding Process |
|---|---|---|---|---|---|---|---|---|---|
| 2 | 06/NCB/WORKS/BRM/20 82-83 (Ward no 7 R.T.O Badsuduwa Hudai Ward no 5 BangaiSamma Sadak Staronnati Tatha Kalopatre) | 1,86,37,138.01 | 4,90,000.00 | 120 days after opening date. | 3,000 | - | - | - | NCB (1S1E) |
| 3 | 07/NCB/WORKS/BRM/2082-83 (Ward no 6 R.T.O Khadaicha, Baddaur Hudai Chutpati Samma Sadak Storannati Tatha Kalopatre) | 1,29,52,215.23 | 3,40,000.00 | 120days after opening date. | 3,000 | - | - | - | NCB (1S1E) |
| 4 | 08/NCB/WORKS/BRM/2082-83 (Jhulaniyadeupura Imilikharka Bijaynagar Sadak Kalopatre) | - | 10,73,000.00 | 120 days after opening date. | 5,000 | Nrs. 5,53,00,000.00 | Nrs. 3,32,00,000.00 | Nrs. 3,17,00,000.00 | NCB (1S2E) |

1. Eligible Bidder must bid Electronically through https://bolpatra.gov.np/egp/.
2. Bank Account No.

**Name of the Bank:** Prabhu Bank, Bijayanagar Branch | **RajaswoSirsak No: 14229**
**Account name :** Antarik Rajaswa Khata/ Dharauti Khata | **Account No. : 1410107150500111/1410107150500036**

3. Last date and Time of Bid Submission/Opening:

| SN | Particular | NCB |
|---|---|---|
| 1 | Last Date and Time of Bid Submission | Dec 28, 2025 (2082/09/13); 12:00 Hours |
| 2 | Last Date and Time of Bid Opening | Dec 28, 2025 (2082/09/13); 13:00 Hours |
| 3 | Pre-Bid Meeting Date and Time | Dec 19, 2025 (2082/09/04); 11:00 Hours |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
5. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Bijayanagar Rural Municipality Office, Khuruhuriya, Kapilvastu and may visit in Office's Web site www.bijaynagarmun.gov.np.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
7. For further information contact: 9857014869 or email: bijaynagar.mun@gmail.com

**Chief Administrative Officer**

# अलैँचीको मूल्य बढ्दा किसान उत्साहित

**मिसन संवाददाता**
*भोजपुर, ११ मंसिर*



उत्पादित अलैँचीले मूल्य पाउन थालेपछि यहाँका किसान उत्साहित भएका छन् । यस वर्ष अलैँची प्रतिमन (४० किलोग्राम) रु ९८ हजारसम्ममा कारोबार भइरहेको टेम्केमैयुङ-५ चोलन्तीका किसान चक्रबहादुर विष्टले जानकारी दिए ।

केही वर्षयता अलैँचीले निरन्तर उकालो मूल्य पाउँदै आएकाले किसान खेती विस्तारमा झन् सक्रिय बनेको उनको भनाइ छ । यस वर्ष आफूले करिब साढे सात मन अलैँची उत्पादन गरेको उनले बताए । गाउँका कतिपय किसानले अझै मूल्य बढ्ने आशामा उत्पादन बिक्री नगरी घरमै भण्डारण गरेर राखेका छन् । 'गाउँघरमै अहिले अलैँची रु ९८ हजारसम्ममा कारोबार भइरहेको छ,' किसान विष्टले भने, 'कतिपय किसानले बिक्री गरिसके, केहीले भाउ अझै बढ्ला कि भनेर राखेका छन् । बजारमूल्यको प्रतीक्षा गर्दै बसेको अवस्था पनि छ ।'

टेम्केमैयुङ-५ चोलन्ती अलैँचीको राम्रो उत्पादन हुने क्षेत्रका रूपमा परिचित छ । यहाँका करिब ८०-९० घर किसानले व्यावसायिक रूपमा अलैँची खेती गर्दै आएका छन् । विगतको वर्षका तुलनामा यो क्षेत्रमा अलैँचीको उत्पादनमासमेत वृद्धि भएको अलैँची व्यावसायी महासंघका अध्यक्ष राजेश विष्टले बताए । मूल्य बढेसँगै किसान खेती विस्तारमा जुटेको उनले जानकारी दिए ।

'समग्र अलैँची उत्पादन केही घटे पनि यो क्षेत्रमा भने गत वर्षको तुलनामा उत्पादन बढेको देखिन्छ,' अध्यक्ष विष्टले भने, 'रोगकीराको समस्या केही देखिए पनि किसानको उत्साह कम भएको छैन । मूल्य बढेकै कारण खेती विस्तार गर्नेतर्फ सबैजना लागेको अवस्था छ ।'

कृषि ज्ञान केन्द्रले जिल्लामा अहिले करिब पाँच सय ९७ हेक्टर क्षेत्रमा अलैँचीखेती भइरहेको जनाएको छ । यहाँ प्रायः रामशाही, गोलशाही, डम्बरशाही र जिर्मले जातका अलैँचीको खेती हुने गरेको केन्द्रले जनाएको छ ।

जिल्लाको चोलन्ती, दोभाने, कुदाकाउले, साम्पाङ्ग, अन्नपूर्ण, चम्पे, खावा, छिनामखु, किमालुङ, वासिङथर्पु, तिम्मा, हेलौछा, गुप्तेश्वरलगायत स्थानमा अलैँचीखेती बढी हुने गरेको छ । यी क्षेत्रका किसानले उत्पादन, भण्डारण तथा बजार व्यवस्थापनमा अनुभव बटुलेका कारण अलैँची प्रमुख नगदेबालीका रूपमा स्थापित हुँदै गएको छ ।

अलैँचीले राम्रो मूल्य पाएका कारण गाउँघरमा आर्थिक गतिविधि पनि बढेको छ । परिवारको खर्च, स्वास्थ्योपचार, छोराछोरीको पढाइ तथा अन्य आवश्यकता पूरा गर्न अलैँची मुख्य आधार बनेको स्थानीय किसानहरू बताउँछन् ।

मूल्य बढे पनि अलैँचीखेतीमा रोगकीरा, हावापानीको अनियमितता, बजार मूल्यमा हुने उतारचढावलगायतका समस्या भने कायम रहेको किसानको गुनासो छ । कृषि ज्ञान केन्द्रका अनुसार रोग रोकथाम, प्रविधिमैत्री खेती, गुणस्तर सुधार र किसानको क्षमतावृद्धिका लागि तालिम तथा सचेतनामूलक कार्यक्रम निरन्तर सञ्चालन भइरहेका छन् ।

## पर्यटकले बन्दीपुरका होटल भरिभराउ

**तनहुँ ।** बन्दीपुरमा सात महिनामा २१ हजार बढी विदेशी पर्यटकले भ्रमण गरेका छन् । गत वर्षको वैशाखदेखि चालू आर्थिक वर्षको कात्तिकसम्ममा २१ हजार ७२५ जना विदेशी पर्यटकले भ्रमण गरेका हुन् । पछिल्लो समय 'पहाडकी रानी'ले चिनिएको सो स्थानमा घुम्न आउने विदेशी पर्यटकको आकर्षण बढ्दै गएको अस्थायी पर्यटक प्रहरी पोष्टका प्रमुख प्रहरी सहायक निरीक्षक गोविन्द रानाले जानकारी दिए ।

उनले भने, 'यसरी आउने विदेशी पर्यटकमा चिनियाँ नागरिक अत्यधिक हुने गरेका छन् । सात महिनामा पाँच हजार ५१ जना चिनियाँ पर्यटकले भ्रमण गरेका छन् । त्यसपछि भियतनाम, भारत र स्पेनका पर्यटक रहेका छन् । चिनियाँ पर्यटक बास बस्नेगरी भन्दा घुमफिरका लागि आउने गरेका छन्, बास बस्नका लागि अधिकांश पोखरा र चितवन जाने गर्दछन् ।' उनका अनुसार वैशाखमा तीन हजार २९७, जेठमा तीन हजार ३४२, असारमा दुई हजार ७६६, साउनमा दुई हजार ७५, भदौमा एक हजार ८३२, असोजमा तीन हजार ७८६ र कात्तिकमा चार हजार ६२७ जनाले भ्रमण गरेका छन् ।

त्यसैगरी, आन्तरिक पर्यटकतर्फ ३२ हजार ७६० जनाले बन्दीपुर भ्रमण गरेका छन् । वैशाखमा एक हजार ८९८, जेठमा दुई हजार १३५, असारमा दुई हजार ११५, साउनमा दुई हजार ४५१, भदौमा एक हजार ९८२, असोजमा पाँच हजार १२१ र कात्तिकमा १७ हजार ५८ जनाले भ्रमण गरेका हुन् । कात्तिक र मंसिरमा भ्रमणका लागि कलेज र विद्यालयबाट विद्यार्थी आउने भएकाले पर्यटकको सङ्ख्या ह्वात्तै बढेको देख्न सकिन्छ ।

# मौरीका चाका बनाउने उद्योग स्थापना



**मिसन संवाददाता**
*दाङ, ११ मंसिर*

दाङको तुलसीपुर उपमहानगरपालिका-१२ हरीपौरीका अशोककुमार शर्माले कुनै समय मौरीकालागि बाहिरी देशबाट चाका ल्याउनुपर्थ्यो । कहिल्यै भारतबाट त कहिल्यै चीनबाट चाका ल्याएर मौरी पालन गर्नुपर्ने अवस्था थियो ।

तर, अहिले मौरीका चाका तयार गरेर आफूले पनि प्रयोग गर्ने गरेको र बाहिरी जिल्लामा पनि निर्यात गर्दै आएका छन् । 'पहिले बाहिरबाट ल्याउथैं,' उनले भने, 'तर अहिले आफैँ चाका उत्पादन गरेर निर्यात गर्दै आएको छु ।'

उनले दाङसहित रूकुम पश्चिम, सल्यान, रोल्पा, प्युठान, बाँकेलगायतका जिल्लामा निर्यात गर्ने गरेको बताए । शर्माले सञ्चालन गरेको आचार्य माहुरी कृषि तथा पशुपक्षी फर्ममा ५० प्रतिशत अनुदानमा मेसिन ल्याएपछि यसरी चाका बनाउन थालेका हुन् । आर्थिक वर्ष २०८१-०८२ मा मेसिन ल्याएर चाका उत्पादन सुरु गरिएको हो । गएको वर्ष मात्रै १० क्विन्टल आधार चाका उत्पादन भएको उनले बताए ।

यस वर्ष १५ क्विन्टल जति उत्पादन गर्ने लक्ष्य रहेको शर्माले बताए । चाकालाई एक हजार रूपैयाँ किलोका दरले बिक्री हुने गरेको छ ।

स्थानीय स्रोत साधनलाई प्रयोग गरेर चाका बनाउने गरिएको छ । 'हामीले भारत, चीनबाट ल्याउँदा रसायन भएको हुन्थ्यो,' उनले भने, 'तर हामीले उत्पादन गरेका चाकामा त्यस्तो समस्या छैन, मौरीले पनि धेरै मन पराउछन् ।' चाकाबाटै गएको वर्ष पाँच लाख आम्दानी गरेको उनले बताए । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (मौरी सुपरजोन) परियोजनाले ५० प्रतिशत अनुदानमा उक्त मेसिन उपलब्ध गराएको हो ।

उनले मौरी पालन पनि गर्दै आएका छन् । २०६२ सालदेखि मौरी पालन गर्दै आएका उनले वार्षिक १५ क्विन्टलसम्म मह उत्पादन गर्ने गरेको बताए । जसमा खुद आम्दानी वार्षिक पाँच लाखसम्म हुने गरेको छ । उनले मेलिफेरा जातको मौरी पालन गर्दै आएका छन् । ५० घार मौरी पालन गर्ने गरेको शर्माको भनाइ छ । उत्पादन गरेको मह दाङसहित विभिन्नि जिल्लामा निर्यातसमेत हुने गरेको छ ।


**Bhumikasthan Municipality**
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 11-28-2025 (2082-08-12 B.S.)**

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.3000/- as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Prabhu Bank Ltd.
   **Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
   **Office Code no:** 801055101
   **Office Account no:** 2587086986800138
   **Rajaswa (revenue) Shirshak no:** 14249
4. Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   Name of the Bank: Prabhu Bank Ltd.
   **Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
   **Office Code no:** 801055101
   **Office Account no:** 2587086986800048
   **Account Name :** Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal at 17th December, 2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 29th December, 2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29th December, 2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 10/BMA/W/UPG/2082/083 | Gairagoth Dhikura Chautara Jheske Moterable Road Upgrading Works. | NRs. 3000.00 (Not Refundable) | 2499955.31 | 62500.00 | 90 Days |
| 11/BMA/W/UPG/2082/083 | Baguwa Salendanda Gairagoth Chautara Jheske Moterable Road Upgrading Works. | NRs. 3000.00 (Not Refundable) | 2499575.32 | 62500.00 | 90 Days |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**Yasodhara Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Baidauli, Kapilvastu**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**First Date of Publication: 2025/11/26AD**

1. Yasodhara Rural Municipality, Kapilvastu invites electronic bid from eligible bidders for the procurement of following contractunder National Competitive Bidding procedures.

| S. N. | Contract No | Description of Works | Estimated Amount Excluding Vat and Contingencies | Bid Security Amount | Price of Bid Document (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 02/WORKS/NCB/YRM/082-83 | Wada no 1 Ko Wada Karyalay Bhawan Nirman | 70,80,154.5 | 180000 | 3000 |
| | Deadline for Bid Submission | 2025/12/26, 12 hours | | | |
| | Date and Time of Bid Opening | 2025/12/26, 13 hours | | | |
| | Account Number for Bid Document Purchase | Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Name of Office: Yasodhara Rural Municipality, Baidauli<br>Name of Account: Ga 1.1 AntarikRajaswaKhata<br>Office Account Number: 02715229661 | | | |
| | Account Number for Bid Security Deposit | Account Name: DharautiKhata<br>Name of Bank: Siddhartha Bank Ltd, Maryadpur, Kapilvastu<br>Account Number: 02715083935 | | | |

1. Eligible Bidders may obtain further information at the office of Yasodhara RuralMunicipality, Kapilvastu or by reaching out to them at Telephone 9857051843or by dropping a mailatitoyasodharamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
2. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 26-12-2025 13:00 hoursat the office of Yasodhara Rural Municipality. Bids must be valid for a period of 120 days after bid opening andmust be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.

**Chief Administrative Officer**



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगंज सुर्खेतरोड, बाँकेको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८२/०८/१२ गते)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नेपालगंज सुर्खेतरोड, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

**ऋणीको विवरण**

प्राइभेट फर्म दर्ता ऐन, २०७६ तथा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाँके, नेपालगञ्जमा मिति २०७४/०९/०९ मा प्रा.फ.द.नं. ४६/४६/०७४/०७५ कायम भई दर्ता रहेको बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको
**ओ.पि.सि. ईट्टा उद्योग ।**
**प्रोपाईटर निता क्षेत्री**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **निता क्षेत्री**
ना.प्र.नं.- १७७५८
जारी मिति - २०६१/११/२४ जि.प्र.का. बाँके
बाबु - महेन्द्र वहादुर क्षेत्री
पती - याम बहादुर गोदार क्षेत्री
स्थायी ठेगाना- बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२
हालको ठेगाना- बाँके जिल्ला, खजुरा गा.पा. वडा नं ०२

२. **याम बहादुर गोदार क्षेत्री**
ना.प्र.नं.- १०२५०
जारी मिति - २०५८/०६/०४ जि.प्र.का. बाँके
बाबु - बल बहादुर गोदार
बाजे - तुल बहादुर गोदार
स्थायी ठेगाना- बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. ०२
हालको ठेगाना- बाँके जिल्ला, खजुरा गा.पा. वडा नं ०२

३. **बल बहादुर गोदार**
ना.प्र.नं.- ६०९८
जारी मिति - २०४५/०१/२८ जि.प्र.का. स्याङ्गजा
बाबु - तुल बहादुर गोदार
बाजे - रणध्वज गोदार
स्थायी ठेगाना- स्याङ्गजा जिल्ला, आरुखर्क गा.प., वडा नं. ०९
हालको ठेगाना- बाँके जिल्ला, खजुरा गा.पा. वडा नं ०२

**धितो सुरक्षणको विवरण**

१. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी गा.वि.स, वडा नं. ०६ स्थित कित्ता नं. ५१४ को क्षे.फ. ८,७०७.१० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
२. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी गा.वि.स, वडा नं. ०२ स्थित कित्ता नं. ३३४, ४०३, ४०५, ८४५, र ५५३ को क्षे.फ. क्रमश् १९५.३१, २२७.४९, १९.८१, २५४, र २,११६.२५ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
३. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, रनियापुर गा.वि.स, वडा नं. ०१ स्थित कित्ता नं. २७८, ६४४, २३८, ६४५, ४३७, ३७३, ४३९, ६१५ र ५०३ को क्षे.फ. क्रमश् १४०, २५००, २१५०, २४१५, ६२७५.९८, ४०७८.२५, ३१५.२१, ८६५.६३, र २२२३.२१ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
४. **याम बहादुर गोदार क्षेत्री**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, रनियापुर गा.वि.स, वडा नं. ०२ स्थित कित्ता नं. ४३२, ४३४, ६९४, ५८, र ५७ को क्षे.फ. क्रमश् ८२०, ७६७, ३२३३, ३१३५, र २९३०.१० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
५. **बल बहादुर गोदार**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी गा.वि.स, वडा नं. ०२ स्थित कित्ता नं. ७८ को क्षे.फ. २२७.५० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
६. **ओ.पि.सी इट्टा उधोग**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, रनियापुर गा.वि.स, वडा नं. ०१ स्थित कित्ता नं. ५०९, ४७४, २३७, ४७५, २४६, २८०, ४७६, ४७३ र ५०८ को क्षे.फ. क्रमश् २३३७.१४, ११४४.९३, ३७७०, ३४८१.२७, ४६०५, २९९६.६६, १८६२.३०, ८४६.५० र १०१५ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
७. धनि कुमारी बैक लि. (साबिक एन.सि.सि बैंक) र ऋणी **ओ.पि.सी इट्टा उधोग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MAT479148K3R22893, ई.नं.M 91K63813330, सवारी नं. भे १ क १८११, को TATA Tipper थान १ ।
८. धनि कुमारी बैक लि. (साबिक एन.सि.सि बैंक) र ऋणी **ओ.पि.सी इट्टा उधोग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. BCEHN960VBHL00116, ई.नं.M 4H3335/1720082, सवारी नं. भे १ क ११०१, को Bull H0 96 Backhoe Loader थान १ ।
९. धनि कुमारी बैक लि.(साबिक एन.सि.सि बैंक) र ऋणी **ओ.पि.सी इट्टा उधोग** कायम भई भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. HAR3DXSUK02581510, ई.नं.M H00166826, सवारी नं. भे १ क १२५२, को घ DX Super Backhoe Loader थान १ ।
१०. ऋणी **ओ.पि.सी इट्टा उधोग**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय नेपालगंज सुर्खेतरोड, बाँके फोन नं. ०८१-४१५२३१**



Mob:9829602188
**लाइफलाइन जनरल हस्पिटल**
**डा. पारस श्रेष्ठ**
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
**डा. क्रिस्टीन श्रेष्ठ**
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

**गणपति डेण्टल क्लिनिक**

Mob:9742818406, 9808549451
**डा. प्रतिक श्रेष्ठ**
बि.डि.एस.(दिल्ली) मिति रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक

Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

**नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७४**

नेपाल प्रिमियर लिग

# प्लेअफ बाटोमा सुदूरपश्चिम रोयल्स

मिसन संवाददाता
*काठमाडौँ, ११ मंसिर*

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)मा सुदूरपश्चिम रोयल्सले अपराजित यात्रा कायम राखेको छ। बिहीबार लुम्बिनी लायन्समाथि ७ विकेटको जितसँगै आफ्नो अपराजित यात्रालाई कायम राखेको हो। एनपिएलमा सहभागी आठमध्ये सुदूरपश्चिम मात्रै एक्लो अपराजित टोलीले हो। सुदूरपश्चिमले अहिलेसम्म खेलेका एउटा खेलपनि हारेको छैन। चौथो खेलमा लुम्बिनीलाई हराएर महत्वपूर्ण जित निकाल्दै सुदूरपश्चिमले प्लेअफ सम्भावना बलियो बनाएको छ।

यता लुम्बिनीको भने यो तेस्रो हार हो। लुम्बिनीले हालसम्म खेलेका चार खेलमध्ये एउटा खेलमात्रै जितेको छ। लगातारको हारका कारण लुम्बिनीको प्लेअफ दौड कठिन बन्दै गएको छ। बिहीबारको पहिलो खेलमा लुम्बिनीले दिएको १४४ रनको लक्ष्य सुदूरपश्चिमले ३ विकेटको क्षतिमा १८.२ ओभरमा पूरा गऱ्यो। सुदूरपश्चिमलाई जिताउन ओपनिङ ब्याटर विनोद भण्डारीले अर्धशतक प्रहार गरे। भण्डारीले नटआउट ६९ रन जोड्ने क्रममा ४९ बलमा ५ चौका र ४ छक्का प्रहार गरे।

भण्डारीले आरिफ शेखसँग तेस्रो विकेटका लागि ९९ रनको साझेदारी गरे। आरिफ शेखले ३७ बलमा ४ चौका र १ छक्का प्रहार गरे। ओपनर अस्ट्रेलियन ब्याटर जोश ब्राउन ९ रनमा आउट भएका थिए। अर्का अस्ट्रेलियन ब्याटर क्रिस लिनले पनि १६ रन मात्र बनाउन सके र त्यसअघि टस जितेको



सुदुरपश्चिमले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको लुम्बिनी १९.४ ओभरमा १४३ रन जोड्यो।

लुम्बिनीका ओपनरद्वय डार्सी सर्ट र सुमित महर्जनले १८-१८ रन मात्र बनाउन सके। सर्टलाई सुदूरपश्चिमका हेमन्त धामी तेस्रो ओभरमा बोल्ड गरे। त्यसअघि उनले ११ बलमा ४ चौका प्रहार गरे। सुमित महर्जन सातौँ ओभरमा हर्मित सिंहको एलबिडब्लूको धरापमा परे। उनले १४ बलमा ३ चौका प्रहार गरे। त्यसपछि कप्तान रोहितकुमार पौडेल र दिलिप नाथबीच तेस्रो विकेटका लागि ५२ रनको साझेदारी भयो। रोहितले १५औँ ओभरमा हेमन्त धामीको बलमा विनोद भण्डारीबाट समातिनुअघि ३६ बलमा ३ चौका प्रहार गरे। १७औँ ओभरमा लुम्बिनीले तीन विकेट गुमायो।

अभिनास बोहोराले दोस्रो बलमा गुल्बादिन नइबलाई विनोद भण्डारीबाट क्याच गराए। उनले ९ बलमा ११ रन बनाए। पाँचौँ बलमा रुबेन ट्रम्पलम्यानलाई कप्तान दीपेन्द्रसिंह ऐरीले शून्यमा डाइरेक्ट हिटमार्फत रनआउट गरे। अन्तिम बलमा दिलीप नाथ पनि विकेट पछाडि समातिए। नाथले २९ बलमा २ चौका र १ छक्काको मद्दतमा ३१ रन बनाए। यस्तै १८औँ ओभरको पहिलो बलमा शेर मल्ल ४ रनमा स्कट कुगेइलिनबाट बोल्ड भए।

सन्दीप जोरा पनि सस्तैमा आउट भए। तल्लो क्रममा ब्याटिङ गरेका जोरा १९औँ ओभरको अन्तिम बलमा अभिनास बोहराको बलमा स्कट कुगेइलिनबाट ७ रनमा क्याच भए। बिहीबारको खेलमा मौका पाएका इटालीका थोमस ड्राका अन्तिम ओभरको पहिलो बलमा ६ रनमा क्याच भए। हर्मित सिंहको बलमा उनी ऐरीबाट क्याच भए।

यस्तै चौथो बलमा अभिसेष गौतम पनि ६ रनमा क्याच भए। यसमा पनि ऐरीले नै क्याच लिए। बलिङमा सुदूरपश्चिमका हर्मित सिंह र अभिनास बोहराले ३-३ विकेट लिए। हेमन्त धामीले २ विकेट लिए भने स्कट कुगेलिइनको नाममा १ विकेट लियो।

## पोखरा एभेन्जर्सको पहिलो जित

जारी एनपीएलमा पोखरा एभेन्जर्सले पहिलो जित निकालेको छ। बिहीबार भएको दोस्रो खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई हराउँदै पोखराले पहिलो जित निकालेको छ। यसअघिका दुई खेलमा पोखरा पराजित भएको थियो। आफ्नो पहिलो जित निकाल्ने क्रममा पोखराले साविक विजेता जनकपुर बोल्ट्सलाई २५ रनले पराजित गरेको हो। जनकपुर भने लगातार तीन खेलमा पराजित भइसकेको छ। जनकपुर अंकतालिकाको पुछारमा छ। जनकपुर मात्र जारी सिजनमा अहिलेसम्म जित हासिल गर्न नसक्ने टोली बनेको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा पोखराले दिएको १५६ रनको लक्ष्य पछ्याएको जनकपुरले ९ विकेटको क्षतिमा १३० रन मात्र जोड्न सक्यो। ब्याटिङमा जनकपुरको सुरूवात राम्रो हुन सकेन। उसले पहिलो ओभरमै दुई विकेट गुमाएको थियो। पोखराका विपिन खत्रीले पहिलो ओभरमा उत्कृष्ट सुरुवात गरे। चौथो बलमा उनले आसिफ शेखलाई शून्यमा विकेट पछाडि एडम रोसिङटनबाट क्याच गराए। अन्तिम बलमा शुभ कंसाकारलाई ४ रनमा बोल्ड गरे। त्यसपछि सम्हालिन खोजेको जनकपुरले चौथो ओभरमा पनि दुई विकेट गुमाएको थियो। यान निकोल २ रन र माज सदाकत २० रनमा क्याच भए।

जनकपुरले सातौँ ओभरमा अर्को विकेट गुमायो। कप्तान अनिलकुमार साह १ रनमा आउट भए। जनकपुराका लागि सञ्जय कृष्णमूर्तिले २५ रन बनाउन सके। यो नै मध्यक्रमका ब्याटरले जोडेको सर्वाधिक रन बन्यो। रूपेश सिंहलाई पोखराका जिमी निशमले ७ रनमा आउट गरे। अन्तिममा वायन पार्नेलले जनकपुरका लागि अर्धशतक प्रहार गरे पनि त्यो जितका लागि पर्याप्त हुन सकेन। उनले अन्तिम ओभरमा रिटार्ट हर्ट हुनुअघि ३८ बलमा २ चौका र ४ छक्काको मद्दतमा ५० रन जोडे। दक्षिण अफ्रिकाका पार्नेलले सिजनमा पहिलो खेल खेलेका हुन्।

बलिङमा पोखराका विपिन खत्रीले ४ विकेट लिए भने सुमित बर्माले २ विकेट हात पारे। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पोखराले सुमित बर्माको अर्धशतकमा ६ विकेटको क्षतिमा १५५ रन बनायो। बलिङमा जनकपुरका सन्जय कृष्णमूर्तिले ३ विकेट लिए भने ललित राजवंशी र अनिल साहले १-१ विकेट लिए। एनपीएलअन्तर्गत आज दुई खेल हुँदैछन्।

## बीपीएल अक्सनमा सन्दीप लामिछानेसहित पाँच खेलाडी सूचीकृत

मिसन संवाददाता
*काठमाडौँ, ११ मंसिर*

बंगलादेश प्रिमियर लिग (बीपीएल) टी-२० क्रिकेट प्रतियोगिताको आगामी सिजनका लागि हुने खेलाडी अक्सनमा नेपालका पाँच खेलाडीहरू सूचीकृत भएका छन्। नेपालका यी पाँच खेलाडीहरूलाई उनीहरूको प्रदर्शन र अनुभवका आधारमा विभिन्न क्याटगोरीमा राखिएको छ। सन्दीप लामिछाने क्याटेगोरी 'बी'मा बीपीएलको ड्राफ्टमा सूचीकृत भएका छन्।

दीपेन्द्र सिंह ऐरी क्याटेगोरी 'डी'मा पर्दा आसिफ शेख, गुलशन झा र सोमपाल कामी



क्याटेगोरी 'ई'मा समावेश भएका छन्। नेपाली टोलीका प्रमुख स्पिनर सन्दीप लामिछानेले यसअघि पनि विश्वभरका विभिन्न फ्रेन्चाइज लिगहरू खेलिसकेका छन्। उनी बीपीएलमा अनुबन्ध हुने बलिया दाबेदार हुन्।

अलराउन्डर दीपेन्द्र सिंह ऐरी उत्कृष्ट लयमा रहेका छन्। विकेटकिपर ब्याटर आसिफ शेख, तीव्र गतिका बलर सोमपाल कामी र युवा अलराउन्डर गुलशन झा पनि अक्सन ड्राफ्टमा परेका छन्। यी पाँच खेलाडीले अक्सनबाट कुनै टिमले अनुबन्ध गरेमा आगामी सिजनको बीपीएलमा खेल्ने मौका पाउनेछन्। बीपीएल विश्वका चर्चित टी-२० लिगहरूमध्ये एक हो।


### सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८२/०८/११)

यस कार्यालयबाट मिति २०८२/०६/३१ गतेका दिन आह्वान गरिएको तपशिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्रहरु मध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| S. N. | Contract Identification No. | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Bid Price of Lowest Evaluated Substantially Responsive Bid (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | 01/SRM/NCB/ Works/082/083 | Dihuli Ashuraina Pokhrahawa Jane Sadak Estarunnati, Sammarimai-6, Dihuli | Brave Construction, Rupandehi | 1,02,41,503.85 |

प्रमुख प्रशासकीय अधिकृत


## सुपर ७ भेटेरन क्रिकेट प्रतियोगिता घोषणा



मिसन संवाददाता
*धनगढी, ११ मंसिर*

कैलालीको धनगढी वडा नम्बर १३ राजपुरस्थित राजपुर स्पोर्ट्स क्लबले सुपर ७ भेटेरन क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ। 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नारासहित मंसिर १९ गतेदेखि प्रतियोगिता आयोजना गर्ने भएको हो।

क्लबले खेलकुदमार्फत स्वास्थ्य प्रवर्द्धन र समुदायमा खेलप्रेमी युवाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यसहित प्रतियोगिता गर्न लागेको जनाएको छ। प्रतियोगिता विशेष नियमावलीअनुसार सञ्चालन गरिने क्लबले जनाएको छ।

प्रतियोगितामा प्रत्येक खेल ६ ओभरको हुनेछ भने एक टोलीमा ७ खेलाडी रहने छन्। ७ जना खेलाडीले १/१ ओभर बलिङ गर्न पाउने व्यवस्था रहेको आयोजक शंकर गिरीले जानकारी दिए।

वाइड तथा नो-बलमा २ रन थपिने छ भने ब्याट्सम्यानले १० रन पुगेपछि खेलबाट निर्वृत्त हुनुपर्ने, तर अन्तिम विकेट मात्र परे फेरि खेल्न पाउने उनको भनाइ छ। खेल बराबरी भएमा सुपर ओभरद्वारा निर्णय गरिने र अन्तिम निर्णयको अधिकार अम्पायरलाई रहने छ।


### Barbardiya Municipality
**Office of Municipal Executive**
Jayanagar, Bardiya
Lumbini Province, Nepal

**Invitation for Online Bids**

**Date of publication: 2082/08/12**

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bidsfrom eligible bidders for the projects as mention below. Bidders may obtain further detail information by visiting PPMO egp portal bolpatra.gov.np/egp.

| Contract ID No. | Description of works | Bid document fee (Nrs) | Bid security Amount (Nrs) | Bid Validity Period / Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| 45/BMO/NCB/ W/2082-83 | Panchajanya maavi maa sanrachana nirma | 3000.00 | 2,50,000.00 | 120 days | |
| 46/BMO/CB/ W/2082-83 | Nagaristariya saajhedaari yojanaa laai samapurak karyakaram (bangaai chowk dekhi baidi janey batoo kalopatre) | 3000.00 | 1,20,000.00 | 120 days | |
| 49/BMO/NCB/ W/2082-83 | Shree jansewa madhyamik bidhyalayako bhawan nirman | 3000.00 | 150000.00 | 120 days | |
| 50/BMO/NCB/ W/2082-83 | Shree janchetnaa aa.bi maa bhawan nirman | 3000.00 | 1,80,000.00 | 120 days | |

**Note:** Bid validity period should be counted from the last day of bid submission and should include 30 extra days on bid validity period.anything in this notice inconsistent with bid document, bid document will prevail.

**Chief Administrative Officer**


**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल। **कार्यकारी सम्पादकः** कृष्ण ओली। **कार्यालयः** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौँ। **फोनः** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेलः** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेलः** adv.marketingmission@gmail.com। **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।